# अष्ट–ज
# अवधारणा

**प्रा. डा. दुर्गा दत्त पौडेल**
**अष्ट–ज अवधारणाका जन्मदाता**

# अष्ट–ज अवधारणा


| | | |
|---|---|---|
| **पुस्तिका** | : | अष्ट–ज अवधारणा |
| **लेखक** | : | प्रा.डा. दुर्गा दत्त पौडेल |
| **संस्करण** | : | पहिलो, श्रावण २०८१ (२००० प्रति) |
| **प्रकाशक** | : | प्रा.डा. दुर्गा दत्त पौडेल<br>गैरीगाँउ, मातातिर्थ, चन्द्रागिरि - ८, काठमाण्डौ, नेपाल<br>ddpoudel@gmail.com |
| ISBN No. | : | 978-9937-1-6996-7 |
| **डिजाइन एण्ड प्रिन्ट** | : | पिक्सेल प्रिन्ट प्रा.लि. संखमुल, ललितपुर, नेपाल |
| **मुल्य** | : | रू. १८८/- |
| **प्रतिलिपि अधिकार** | : | © प्रा.डा. दुर्गा दत्त पौडेल |


**अष्ट-जका आठ तत्वहरू**:
जल (निलो), जमिन (खैरो), जंगल (हरियो), जडिबुटि (बेसार पहेलो)
जनशक्ति (पहिलो), जनावर (कालो,सेतो), जराजुरी (हरियो, पहेलो र सुनौलो),
जलवायु (रातो, बैजनी, हल्का निलो र सेतो)

**समर्पितः**

नेपाली परिवार, नेपाली समाज र नेपाल राष्ट्र

# प्रस्तावना

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले उहाँको दिव्य उपदेशमा भन्नु भएको छ– 'आफ्ना देसको जिनीस् जरिबुटी देस लैजानु र नगद षैचनु. नगद षैचि राषनु र प्रजा मोटा भया दर्बार बलियो रहन्छ. राजाका भंडार भन्याका रैतानहरू हुन्.' उहाँको यो दिव्य उपदेशवाट प्रस्ट हुन्छ कि जवसम्म जनताको आर्थिक स्तर माथि उठ्दैन तवसम्म राज्य कमजोर अवस्थामा रहन्छ । समाज र राष्ट्र बलियो हुनु भनेकै अर्थतन्त्रको विकास हो । कवि शिरोमणि लेखनाथ पौडयालले भन्नु भएको छ 'धनै हो सर्वोत्तम सार जे छ जे छ धनै भित्र लुकिरहेछ' वैदिक सनातन हिन्दु धर्मले पनि मानव जीवनका चार महत्वपूर्ण उद्देश्यहरू भनेर कर्म, अर्थ, काम एवं मोक्ष भनेको छ । राम्रो काम गरेर अर्थ आर्जन गरी आफू, आफ्नो परिवार, आफ्नो समाज र आफ्नो राष्ट्रलाई समुन्नतिको शिखरतिर पुर्‍याउन सहयोग गर्नु हामी सबैको कर्तव्य हो । समुन्नतिबिना समाजमा शिक्षाको विकास, सामाजिक मूल्य मान्यताको जगेर्ना, राष्ट्रियताको जगेर्ना तथा समाजमा परिआउने कुनै पनि विपत्तिवाट समाजलाई वचाउन सकिँदैन । आर्थिक हिसाबले कमजोर बन्दै गएको समाज एक दिन नष्ट हुन्छ । आर्थिक सम्पन्नताको नाममा हाम्रो बाँच्ने आधार जस्तै जमिन, जल, जंगल तथा वातावरणको ह्रास हुँदै गए भने पनि हाम्रो समाज लामो समयसम्म टिक्न सक्दैन । त्यसैले वातावरणीय सुरक्षा गर्दै, आफ्ना प्राकृतिक स्रोत तथा साधनहरूको संरक्षण एवं विकास गर्दै, सामाजका विभिन्न पक्षलाई समातेर दिगो विकासको अवधारणा भित्र रहेर आर्थिक विकास एवं सामाजिक रूपान्तरण गर्नु आज हाम्रो मुख्य कर्तव्य एवं उद्देश्य हो । समुन्नती ल्याउनका लागि स्रोत तथा साधनहरूको जरुरत पर्दछ । नेपाल प्राकृतिक स्रोत तथा साधनहरू तथा जनशक्तिको वरदान हो । नेपाल जलस्रोतको विशाल भण्डार हो । नेपाली भूमिलाई प्रकृतिले संसारमा नै नपाइने सुन्दरता दिएको छ । तराईमा पाइने सालका घना जंगलदेखि पहाड तथा हिमाली भागमा पाइने विभिन्न वनस्पति, प्रजातिका जंगलहरू र त्यहाँ पाइने अनेकन जडीबुटीहरू तथा वन्यजन्तुहरू अर्का अति महत्वपूर्ण स्रोत तथा साधनहरू हुन् । नेपालको जनशक्ति विभिन्न भेषभूषा, भाषा, सीप, कला, अनुभव आदिले सजिएको छ । यी सम्पूर्ण प्राकृतिक स्रोत तथा साधनहरूलाई संरक्षण गर्दै राम्रोसँग परिचालन गरेर हाम्रो सामाजिक तथा आर्थिक रूपान्तरण गर्दै विश्वका धनी मुलुकहरूको सूचीमा हाम्रो राष्ट्रलाई पुर्‍याउन एकदमै सम्भव छ । यस सम्भावनालाई ध्यानमा राखेर मैले 'अष्ट–ज' अवधारणाको जन्म दिएको छु ।

'अष्ट–ज' भन्नाले आठवटा 'ज' जसमा जल, जमिन, जंगल, जडीबुटी, जनशक्ति, जनावर, जराजुरी (बालीनाली) र जलावायु पर्दछन् । यिनै ''अष्ट–ज''को संरक्षण प्रवर्द्धन र उपयोग गरेर हाम्रो राष्ट्रको समावेशी दिगो एवं द्रुतगर आर्थिक विकास तथा सामाजिक रूपान्तरण बाहेक देश विकासको अर्को कुनै विकल्प छैन । कृषिको व्यवसायीकरण, कृषि तथा जडीवुटी उद्योगहरूको विकास, पर्यटनको विकास, जलस्रोतको विकास एवं वन पैदावरहरूको औद्योगीकरणजस्ता कार्यहरूले हाम्रो समुन्नति चाँडै ल्याउँदैछ । 'अष्ट–ज' को प्रचुरता र यसले बोकेको विकास एवं औद्योगीकरणको सम्भाव्यताल्याई मध्यनजर राखेर मैले नेपाल भिजन सन् २०४० को कार्ययोजना अघि सारेको छु । नेपाल भिजन सन् २०४० भन्नाले सन् २०४० सम्ममा 'अष्ट–ज'को समुचित विकास गरेर हाम्रो देशको अर्थतन्त्र विकसित देशको हाराहारीमा पुर्‍याउने संकल्प हो ।

'अष्ट–ज' को अवधारण र नेपाल भिजन सन् २०४० लाई सम्पूर्ण नेपालीहरूले राम्रोसँग बुझ्नु होला भन्ने हेतुले सरल भाषामा यो पुस्तिका तयार पारिएको छ। यसमा 'अष्ट–ज' अवधारणा तथा नेपाल भिजन सन् २०४० सम्बन्धी आठवटा प्रश्न र तिनका उत्तरहरू दिएको छु। यस पुस्तिकाले सम्पूर्ण नेपालीहरूमा 'अष्ट–ज' एवं नेपाल भिजन सन् २०४० को जनचेतना फैलाई स्थानीय तह तथा क्षेत्रीय एवं राष्ट्रियस्तरमा पनि आवश्यक नीति तथा नियम बनाई कार्ययोजनाहरू तर्जुमा गरी 'अष्ट–ज' को संरक्षण एवं उपयोग गरी दिगो आर्थिक विकासको माध्यमवाट नेपाल भिजन सन् २०४० लाई सार्थकसिद्ध बनाउन ठूलो भूमिका खेल्नेछ भन्ने मैले ठूलो आशा राखेको छु।

मैले अमेरिकाको विश्वविद्यालय युनिभर्सिटी अफ लुजियाना एट लाफाएट लुजियानामा प्राध्यापन गर्दै आफ्नो समाज र राष्ट्रको आर्थिक तथा सामाजिक रूपान्तरणको लागि सन् २००८ देखि 'अष्ट–ज' अवधारणाका सोधपत्रहरू प्रकाशित गर्दै आइरहेको छु। मैले 'अष्ट–ज' अवधारणाको जन्म सन् २००८ मा नै दिएको छु। उक्त ग्राउन्डब्रेकिङ्ग सोधपत्र प्रकाशित भएपछि हालसम्म मैले थुप्रै सोधपत्रहरू 'अष्ट–ज' को वारेमा अग्रेजी भाषामा प्रकाशित गरि सकेको छु। हालसम्म प्रकाशित मेरो 'अष्ट–ज' सम्बन्धी कृतिहरूको नेपाली भाषामा सरल तरिकाले व्याख्या गर्ने उद्धेश्यले यो पुस्तिका प्रकाशनमा ल्याएको छु। सम्पूर्ण पाठकहरूले यस पुस्तिका पूरै पढेर ' अष्ट–ज' र नेपाल भिजन सन् २०४० को महत्व र मर्म आफूले पनि राम्रोसँग बुझ्ने र अरूलाई पनि बुझाई दिनु हुनेछ भन्ने आशा एवं विश्वास लिएको छु।

जय 'अष्ट–ज'।
जय नेपाल।

**प्रा. डा. दुर्गा दत्त पौडेल**
**'अष्ट–ज' अवधारणाका जन्मदाता**
**युनिभर्सिटी अफ लुजियाना एट लाफाएट, लुजियाना, यू.एस.ए.**

# लेखकको बारेमा

प्रोफेसर डाक्टर दुर्गा दत्त पौडेलको जन्म तनहुँ जिल्लाको व्यास नगरपालिका साँगे चुँदेरमा सन् १९६० को अक्टोवर १० का दिन भएको हो । उहाँको वाल्यकाल तनहुँको चुँदेर तथा लमजुङको मध्यनेपाल नगरपालिका जिता देउरालीमा बितेको हो । प्रोफेसर पौडेलले सन् १९७७ मा तनहुँको दमौलीस्थित निर्मल व्यावसायिक माध्यमिक विद्यालयवाट एस.एल.सी. परीक्षा पास गर्नुभएको हो र सन् १९८० मा त्रिभुवन विश्वविद्यालयको कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुर, चितवनबाट आई.एस्सी पास गर्नु भएको हो । उहाँले सन् १९८७ मा पाकिस्तानको फैसलाबाद सहरमा स्थित युनिभर्ससिटी अफ एग्रिकल्चर, फैसलावादबाट बी.एस्सी. अनर्स कृषि (मेजर कृषि अर्थशस्त्र) को डिग्री लिनु भएको हो। उहाँले सन् १९९१ मा थाइल्यान्डको वैंककस्थित एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी (ए.आई.टी) बाट एम.एस्सी. नेचुरल रिसोर्सेस डेभलमेन्ट र म्यानेजमेन्टमा गर्नुभएको हो। प्रोफेसर पौडेलले सन् १९९८ मा अमेरिकाको जोर्जिया राज्यस्थित युनिभर्ससिटी अफ जोर्जिया, एथेन्सबाट माटो विज्ञानमा पी.एच.डी. डिग्री लिनु भएको हो ।

प्रोफेसर डाक्टर पौडेलले सन् १९९१-१९९४ सम्म ताइवानस्थित एसियन भेजिटेवल रिसर्च एन्ड डेभलपमेन्ट सेन्टर (ए.भी.आर.डी.सी.) मा रिसर्च फेलोको रूपमा काम गर्नुभयो । उहाँले सन् १९९४-१९९८ सम्म अमेरिकाको युनिर्भसिटी अफ जोर्जिया, एथेन्समा सस्टेनेवल एग्रिकल्चरल एन्ड न्याचुरल रिसोर्सेस म्यानेजमेन्ट कोलाबोरेटिभ रिसर्च सपोर्ट प्रोगाममा ग्रयाजुएट रिसर्च असिस्टेन्टको रूपमा काम गर्नुभयो । त्यस्तै, सन् १९९८-२००० सम्म उहाँले अमेरिकाको क्यालिफोर्निया राज्यस्थित युनिर्भसिटी अफ क्यालिफोर्निया डेभिसमा भिजिटिङ रिसर्च स्कलरको रूपमा काम गर्नुभयो। प्रोफेसर डाक्टर पौडेलले सन् २००० को अगस्ट महिनादेखि अमेरिकाको लुजियाना राज्यमा रहेको युनिभर्सिटी अफ लुजियाना एट लाफाएटमा असिस्टेन्ट प्रोफेसरको रूपमा प्राध्यापन कार्य सुरु गर्नुभयो। हाल उहाँ युनिभर्सिटी अफ लुजियाना एट लाफाएटको स्कुल अफ जियोसाइन्समा टेनुयर्ड प्रोफेसर हुनुहुन्छ ।

प्रोफेसर डाक्टर पौडेलले कृषि, माटो, पानी, वातावरण तथा जलवायु परिर्वतनका बारेमा विश्वका विभिन्न ठाउँहरू जस्तै फिलिपिन्स, मलेसिया, इन्डोनेसिया, थाइल्यान्ड, ताइवान, नेपाल तथा यू.एस.ए.मा गहिरो अनुसन्धान गर्नु भएको छ। उहाँले विभिन्न देशहरूमा अर्थिक उन्नतिको वारेमा पनि शोधकार्य गर्नु भएको छ । उहाँको अनुसन्धानबाट निस्किएका सयौं शोधपत्रहरू अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित भएका छन् र तिनीहरू इन्टरनेटमा प्रशस्त पाइन्छन् ।

प्रोफेसर डाक्टर पौडेल 'अष्ट–ज' अवधारणाको जन्मदाता हुनुहुन्छ । उहाँ 'अष्ट–ज' अभियान नेपालको फाउन्डिङ्ग एक्जिकेटिभ मेम्बर हुनुहुन्छ भने 'अष्ट–ज' इन्टरनेसनल कोअर्डिनेसन काउन्सिल ('अष्ट–ज' आईसीसी) को फाउन्डिङ्ग कोअरडिनेटर हुनुहुन्छ । प्रोफेसर पौडेल 'अष्ट–ज' रिसर्च एन्ड डेफलपमेन्ट सेन्टर ('अष्ट–ज' आर. डी. सी.) काठमाडौं, नेपाल एवं 'अष्ट–ज' यू.एस.ए., हनलुलु, हवाई, यू.एस.ए.को फाउण्डिङ्ग प्रेसिडेन्ट हुनुहुन्छ । प्रोफेसर डाक्टर पौडेल, पौडेल वंश महासंघ नेपालको केन्द्रीय सदस्य हुनुहुन्छ। प्रोफेसर डाक्टर पौडेलले '

अष्ट–ज' अवधारणाको आधारशीलामा रहेको नेपाल भिजन सन् २०४० अवधारणालाई पनि जन्म दिनुभएको छ । नेपाल भिजन सन् २०४० भनेको सन् २०४० सम्म नेपालको आर्थिक विकास विश्वका धनी राष्ट्रहरूको हाराहारीमा पुऱ्याउने हो । नेपाल भिजन सन् २०४० को सार्थकता हामी सम्पूर्ण नेपालीहरूको साझा लक्ष्य हो भन्दै प्रोफेसर पौडेल सम्पूर्ण नेपाली जनसमुदाय तथा नेपाल सरकारलाई यस देशको आर्थिक तथा सामाजिक रूपान्तरणको महा अभियानमा समावेश भई सक्रिय भूमिका खेल्न आह्वान गर्नुहुन्छ । 'अष्ट–ज' को अवधारणालाई आधारशीला बनाई नेपाल भिजन सन् २०४० ले दिएको मार्गदर्शनलाई आत्मसात् गरी सन् २०४० सम्म नेपाल र नेपाली समाजको आर्थिक समुन्नति विकसित राष्ट्र बराबर बनाउने लक्ष्य राख्दै नेपालीजनको शिर ठाडो पार्दै हाम्रो गौरवशाली इतिहास राष्ट्रिय एकता र राष्ट्रवादको जगेर्ना एवं पोषण गर्नु नै हामी सम्पूर्ण नेपालीको आजको दायित्व हो भन्दै प्रोफेसर पौडेल आगामी दिनहरूमा सम्पूर्ण नेपालीहरूसँग राष्ट्र विकासमा एकजुट भई अगाडि बढ्न चाहनु हुन्छ ।

## विषयसूची

पेज नं.


| | |
|---|---|
| अध्याय १ परिचय | ३ |
| अध्याय २ "अष्ट–ज" अवधारणा के हो ? | ५ |
| अध्याय ३ "अष्ट–ज" ले नेपालमा समृद्धि कसरी ल्याउने ? | ७ |
| अध्याय ४ "अष्ट–ज" को संरक्षण एवं विकास कसरी गर्न सकिन्छ ? | १० |
| अध्याय ५ नेपाल भिजन सन् २०४० भनेको के हो ? | १९ |
| अध्याय ६ नेपाल भिजन सन् २०४० लाई कसरी सार्थक बनाउने ? | २१ |
| अध्याय ७ "अष्ट–ज" लग फ्रेम भनेको के हो ? | २५ |
| अध्याय ८ "अष्ट–ज" लग फ्रेमको प्रयोग कसरी गर्ने ? | २६ |
| अध्याय ९ "अष्ट–ज" को विकास एवं नेपाल भिजन सन् २०४० मा सरकारको के दायित्व छ ? | २८ |
| अध्यय १० सारांश | ३० |
| अनुसूचि (नेपाली समाज र अष्ट अवधारणा) | ३२ |

## अध्याय–१

# परिचय

हामी मानव जाति राम्रो कर्म गरेर धनआर्जन गर्दै आफ्नो परिवारको, आफ्नो समाजको, आफ्नो राष्ट्रको अनि सारा संसारको समुन्नति होस्, सुख होस्, सम्पूर्ण मानव जाति एवं प्रकृति नै खुसी रहोस् भन्ने उच्च धारणाले अभिप्रेरित भएको प्राणी हो । धनआर्जन गर्ने विभिन्न उपायहरू छन् । हामी सबैलाई थाहै भएको कुरो हो कृषि उत्पादन वढाउन औद्योगीकरण गरेर, खनिज साधनहरू खोजी एवं उत्खनन गरेर, नयाँनयाँ उपयोग सामग्रीहरूको विकास एवं उत्पादन गरेर जागिर खाएर अथवा कुनै सीप, कला, सहित्य, नृत्य, गाना, खेलकुद आदिमा निपुर्णता प्राप्त गरेर राम्रो धनआर्जन गर्न सकिन्छ । हामीलाई यो पनि थाहा छ, आफूसँग के कति स्रोतसाधन छन् कस्तो अवस्थामा छन् अथवा हामीले के गर्न सकिन्छ । हामीलाई थाहा छ हामीसँग २-४ टुक्रा जमिन छन् त्यहाँ उत्पादन गरे आफ्नो घरको खानाको लागि अथवा बाँकी रहेको उत्पादन बेच्न सकेमा बेचेर केही पैसा पनि कमाउन सकिन्छ । त्यो पैसा बच्चाबच्चीलाई स्कुल खर्च, परिवारलाई औषधिमुलो, लुगाफाटा तथा दसैंतिहार, विवाह, वतब्रन्ध आदिमा प्रयोग गर्न पाइन्छ । यो सम्भाव्यता देखे पनि किन हामीहरू यो सम्भाव्यतालाई केन्द्र मानेर यसैको माध्यमबाट आफ्नो परिवारको धनआर्जन गर्न कस्सिएका छैनौं । हामीलाई के कारणले आफ्नो अगाडि भएका धनआर्जनका सम्भाव्यताबाट बाहिरिएर समुन्द्र पारका धनआर्जनका मौकाहरू पछ्याउँदै हिँड्ने बनाएको छ । किन हामीले आफ्नो परिवार समाज र राष्ट्र छोडेर विदेशमा गएर घरजम गर्दा आफूमा आफ्नो परिवार समाज तथा राष्ट्रमा पर्ने असरहरूको बारेमा राम्रो मूल्यांकन गर्न सकेका छैनौं । यस्ता विभिन्न प्रश्नहरूलाई मध्यनजरमा राखेर विश्लेषण गर्ने हो भने हामीमा निम्न कुराहरूको कमी भएको महसुस हुन्छ । ती तत्वहरू हुन् सिर्जनशीलता, दूरगामी सोच, आत्मविश्वास, पूर्ण समर्पण, जोखिम मोल्ने शक्ति, कार्यदक्षता अनुसन्धान तथा विकास एवं सहयोग वातावरण यी आठवटा तत्वहरूमध्ये कुनै पनि तत्वको कमी भएमा कसैले पनि सफलतापूर्वक कुनै व्यवसाय सञ्चालन गर्न सक्दैन । यी आठवटा व्यापारका तत्वहरूलाई मूल्यांकन गर्ने हो भने पहिलो ६ वटा सिर्जनशीलता, दूरगामी सोच, आत्मविश्वास, पूर्ण समर्पण जोखिम मोल्ने तथा कार्यदक्षता कुनै पनि मान्छेको भित्री गुणहरूमा पर्दछन् भने अनुसन्धान तथा विकास र सहयोगी वातावरण उसको बाहिरी तत्वहरूमा पर्दछन् । अहिले हाम्रो समाजमा भित्री गुणहरूको मूल्यांकन एवं विकासको सट्टा बाहिरी तत्वहरूलाई दोष दिएर अथवा अगाडि सारेर कुनै पनि उद्देश्यशील कार्यबाट पछि हट्ने प्रवृत्ति छ । सबैभन्दा पहिला त हाम्रो भित्री तत्वहरूको बुझाइ एवं विकास गर्नुपर्दछ । अनि उक्त बुझाइअनुसार दुईवाट बाहिरी तत्वहरूको मूल्यांकन गरेर आफ्नो औद्योगिक कार्यमा दत्तचित्त हुनु पर्दछ । कुनै पनि कार्य गर्दा शतप्रतिशत पूर्ण वातावरण यो संसारमा कही पनि छैन । केही न केही चिजको कमी भई नै रहेको हुन्छ ।

यस क्रममा हाम्रो शिक्षा प्रणालीको विश्लेषण गर्नुपर्ने नै हुन्छ । यदि शिक्षा प्रणालीले विद्यार्थीमा सिर्जनशीलताको विकास गर्न सक्दैन भने, विद्यार्थीमा आत्मसचेतनाको विकास गर्न सक्दैन भने, विद्यार्थीमा आत्म वास्तविकताको विकास गर्न सक्दैन भने र विद्यार्थीमा सीप, ज्ञान र कलाको विकास गर्न सक्दैन भने त्यो शिक्षा प्रणालीको कमजोरी हो र त्यसलाई तुरुन्त परिर्वतन

गर्नु पर्दछ । हाम्रो नेपालको शिक्षा प्रणालीमा ठूलो कमजोरी भएको सिद्ध हुन्छ किनभने हाम्रो समाजमा सिर्जनशीलता हराउँदै गएको छ । अनि आफ्नो वास्तविकतालाई बुझ्न र मनन् गर्ने बानी पनि अति तीव्र गतिमा क्षय हुँदै गइरहेको छ । उपयुक्त शिक्षा प्रणालीको विकास तुरुन्त गर्नुपर्ने जरुरत छ । कुनै पनि व्यापारिक तथा औद्यौगिक कार्य गर्दा प्रतिस्पर्धात्मक लाभलाई ध्यानमा राखेर गर्नु पर्दछ ।

राष्ट्रिय स्तरमा हेर्ने हो भने हाम्रो देशको भूगोल, यहाँको जलवायु, कृषि, वनजंगल, अपार जलस्रोत, दुईतिर अवस्थित ठूला मित्र राष्ट्रहरू, अति कडा परिश्रमी नेपाली जनता, कृषियोग्य माटो, अति महत्वपूर्ण जडीबटीहरू नै हाम्रो प्रतिस्पर्धात्मक लाभ हुन । त्यस्तै हाम्रो इतिहास, संस्कृति तथा धार्मिकस्थलहरू पनि हाम्रा प्रतिस्पर्धात्मक लाभभित्र पर्दछन् । वुद्ध भगवान् जन्मनु भएको पवित्र भूमि लुम्बिनी, श्री पशुपतिनाथको मन्दिर श्री मुक्तिनाथको मन्दिर, बराहक्षेत्र, जनकपुरधाम, देवघाट, गोसाइँकुण्ड, पाणिनि तपोभूमि, वेदव्यासको जन्मभूमि, वाल्मीकि आश्रमजस्ता अनेकन धार्मिक महत्वका स्थलहरू हाम्रा अर्काथरी प्रतिस्पर्धात्मक लाभ हुन् । यिनै प्रतिस्पर्धात्मक लाभलाई नै केन्द्र मानेर यिनै स्रोत तथा साधनहरूको प्रवर्द्धन र विकास गर्दै हामी आफ्नो सामाजिक तथा आर्थिक रूपान्तरणमा डटेर लाग्नु पर्दछ ।

हाम्रो देशको आर्थिक तथा सामाजिक अवस्था, देशको भौगोलिक स्थिति, हाम्रो देशमा भएका स्रोत तथा साधनहरू तथा विश्वका वजार व्यवस्था आदिलाई चिन्तन एवं मनन् गरेर हाम्रो समाज एवं राष्ट्रको दिगो एवं वातावरण मैत्री सामाजिक एवं आर्थिक रूपान्तरणका 'अष्ट–ज' अवधारण जन्म दिएको छु । यस पुस्तिकामा यही 'अष्ट–ज' अवधारणको बारेमा आठवटा प्रश्नहरू र ती प्रश्नको उत्तरहरू प्रस्तुत गर्दछु ।

# अध्याय २
## "अष्ट–ज" अवधारणा के हो ?

'अष्ट–ज' भन्नाले आठवटा 'ज' अर्थात नेपाली अक्षर डाडु ज बाट सुरु हुने आठवटा स्रोत तथा साधन भन्ने बुझिन्छ । ती आठवटा ज बाट सुरु हुने स्रोत तथा साधनहरू जल, जमिन, जंगल जडीबुटी, जनशक्ति, जनावर, जराजुरी (बालीनाली) र जलवायु हुन् । डाडु ज पनि संयोगवश आठौं अक्षर हो । यी आठओटा ज हरूले हाम्रो पृथ्वीको प्रणालीको चारवटा उपप्रणालीहरूलाई प्रतिनिधित्व गर्दछन् । पृथ्वी प्रणालीका चारवटा उपप्रणालीहरूमा जलमण्डल, भूमण्डल, वायुमण्डल र जीवमण्डल पर्दछन् । 'अष्ट–ज' को जलले जलमण्डललाई प्रतिनिधित्व गर्दछ । जमिनले भूमण्डललाई प्रतिनिधित्व गर्दछ । जलवायुले वायुमण्डललाई प्रतिनिधित्व गर्दछ । बाँकी 'अष्ट–ज' का तत्वहरू जंगल, जडीवुटी, जनशक्ति, जनावर र जराजुरीले पृथ्वीको जीवमण्डललाई प्रतिनिधित्व गर्दछन् । यसरी 'अष्ट–ज'ले पृथ्वीका चारैवटा उपप्रणाली प्रतिनिधित्व गर्ने हुनाले 'अष्ट–ज' एक पूर्ण प्रणाली हो । 'अष्ट–ज'लाई राम्रोसँग बुझ्ने पृथ्वीको प्रणाली राम्रोसँग वुझिन्छ । 'अष्ट–ज' को संरक्षण र विकास गरेमा सम्पूर्ण पृथ्वीको नै संरक्षण र विकास हुन्छ । यस अर्थमा 'अष्ट–ज' सिद्धान्तले हाम्रो पृथ्वी प्रणालीलाई एकदमै सरल, वैज्ञानिक एवं व्यावहारिक हिसाबले प्रस्तुत गरेको छ । 'अष्ट–ज' सिद्धान्तले पृथ्वीको रक्षा एवं प्रकृतिको संरक्षण गर्न अति व्यावहारिक एवं वैज्ञानिक हिसाबले व्याख्या गरेको छ । 'अष्ट–ज' सिद्धान्तको मुख्य उद्देश्य भनेको 'अष्ट–ज' को संरक्षण प्रवर्धन, विकास एवं सदुपयोग गरेर हाम्रो राष्ट्रको सामाजिक तथा आर्थिक रूपान्तरण द्रुत गतिमा गर्ने हो । कुनै पनि 'अष्ट–ज' को विकास एवं उपयोग गर्दा अरु सवै ' अष्ट–ज' को पनि  ध्यान दिएर काम गर्नु अति जरुरत छ । कुनै एक 'ज' को विकास एवं उपयोग गर्दा अन्य ७ वटा 'ज' को संरक्षण एवं विकास गर्नु पर्दछ । जस्तै जराजुरी (बालीनाली) को विकास गर्नु छ भने अन्य जहरू जल, जमिन, जंगल, जडीबुटी, जनशक्ति, जनावर एवं जलवायुको राम्रो संरक्षण र विकास हुनुपर्दछ । कुनै 'ज' को राम्रो विकास नभएमा अरू जहरू राम्रोसँग विकास हुन सक्दैन । जलवायु केन्द्रीय एवं निर्णायक तत्व हो ।

'अष्ट–ज' प्रणालीको जलवायु बदलिँदा अरू सातवटा जहरू बदलिन्छन् । जलवायु बदलिएर मरुभूमि भयो भने अरू कुनै ज पनि रहन सक्दैनन् । अहिलेको बदलिँदो जलवायुको अवस्थाले पृथ्वीको कुनै पनि ठाउँमा 'अष्ट–ज' प्रणालीको पनि बदलिँदो अवस्था छ । जलवायु बदलिँदो अवस्थाको असरको बारेमा बुझ्न 'अष्ट–ज' अवधारणा एकदमै उपयुक्त एवं लाभदायिक छ । यस अर्थमा कुनै पनि जलवायु परिवर्तनसम्बन्धी कार्ययोजनाहरू तर्जुमा एवं लागू गर्दा 'अष्ट–ज' प्रणालीलाई मध्यनजर गरेर 'अष्ट–ज' सिद्धान्त अनुरूप अगाडि बढ्न एकदमै बुद्धिमतापूर्ण कार्य हुन्छ । हाल विश्वको तापक्रम वढ्दै गएर धेरै ठाउँमा जलवायु परिर्वतनका असरहरू प्रस्ट रूपमा देखिँदै गएका छन् । यी असरहरू भविष्य मा अझ बढ्दै जाने छन् । यस्ता असर हरूवाट बच्न या जलवायु परिर्वतनका असरहरूलाई न्यूनीकरण गर्न पनि 'अष्ट–ज' को राम्रो ज्ञान हुनु जरुरी छ । जलवायुले अरू सातवटै 'ज' हरूलाई निर्णायक रूपमा समेटेको हुन्छ । जनशक्तिले अरू सातवटै जलाई परिर्वतन गर्ने क्षमता राख्दछ । जनशक्तिले राम्रो शिक्षा, सीप, एवं प्रवृत्तिहरूको विकास एवं लागू गरेर 'अष्ट–ज' प्रणाली संरक्षण एव विकास गर्न सक्दछ । त्यसैले

हाम्रो शिक्षा प्रणाली सीधै 'अष्ट–ज' लाई बुझ्ने, संरक्षण गर्ने, विकास गर्ने, तथा 'अष्ट–ज'वाट आर्थिक उन्नति गर्नेमा केन्द्रित भएको हुनु पर्दछ। 'अष्ट–ज'को उच्चतम प्रवर्द्धन र विकास गरी स्वच्छ वातावरण वनाउँदै आर्थिक समुन्नति तथा सामाजिक रूपान्तरण एवं नयाँ प्रविधि तथा ज्ञानहरूमा दक्खल राख्ने जनशक्तिको विकास गर्नु नै हाम्रो शिक्षा प्रणालीको मुख्य उद्देश्य हुनु पर्दछ। 'अष्ट–ज' लाई पाठ्यक्रममा नै समावेश गर्नु पर्दछ।

'अष्ट–ज' अवधारणालाई हाम्रो समाज एवं राष्ट्रको आर्थिक समुन्नति एवं सामाजिक रूपान्तरणको लागि लागू गर्नका लागि 'अष्ट–ज' अवधारणका आठवटा सिद्धान्त तथा रणनीतिहरू छन्:

**१. सामुदायिक जनचेतना**
**२. सामुदायिक क्षमता निर्माण**
**३. नीतिगत निर्णय**
**४. 'अष्ट–ज'का अन्तरसम्वन्ध र संम्वन्धहरू**
**५. व्यापक मूल्यांकन**
**६. दिगो प्रविधि तथा अभ्यासहरू**
**७. संस्था व्यापार र शासन**
**८. दिगो सामुदायिक विकास**

सामुदायिक जनचेतना 'अष्ट–ज' अवधारणाको पहिलो र प्रमुख रणनीति हो। जवसम्म जनसमुदायमा 'अष्ट–ज' को ज्ञान एवं चेतनाको विकास हुँदैन तवसम्म 'अष्ट–ज' को अवधारणालाई पूर्ण रूपमा स्थानीय तहमा लागू गर्न सकिँदैन। आफूसँग भएको स्रोत तथा साधनहरूको पहिचान गरेर मात्र विकासको कार्य अगाडि वढाउन सकिन्छ। 'अष्ट–ज'को अवधारण आत्मनिर्भर तथा दिगो विकास गर्ने अवधारण हो। 'अष्ट–ज' अवधारण जनताको आय उत्पादन, प्राकृतिक स्रोत तथा साधनहरूको संरक्षण सामुदायिक विकास, समावेशी एवं शान्तिपूर्ण स्रोत स्वामित्व तथा सुशासनलाई मध्यनजर गरेर राष्ट्रिय दृष्टिकोणले सम्पूर्ण नेपालीहरूमा गौरवता एवं राष्ट्रिय अखण्डताको जगेर्ना गर्दै नेपालको सामाजिक तथा आर्थिक रूपान्तरण गर्ने एक मैलिक, स्थानीय उन्मुख एवं सहभागीमूलक व्यापक विकास गर्ने विकासको मोडेल हो।

'अष्ट–ज' ले कृषि एवं जडीबुटीको औद्योगीकरण गर्दै, पर्यटन तथा खनिज स्रोत तथा साधनहरूको विकास गर्दै, वन पैदावरको राम्रो सदुपयोग गर्दै, जनशक्तिको अति उत्तम विकास गर्दै, नेपालको आर्थिक समुन्नति गर्दै, नेपाली समाजलाई चौथो औद्योगिक क्रान्तिमा शक्रिय भएर प्रस्तुत हुने अवस्थामा तयार पार्ने लक्ष्य लिएको छ।

# अध्याय ३
## "अष्ट–ज" ले नेपालमा समृद्धि कसरी ल्याउँछ ?

'अष्ट–ज' अवधारणा नेपालको प्रतिस्पर्धात्मक लाभको सिद्धान्तमा आधारित आत्मनिर्भर एवं दिगो विकासको मोडेल हो । 'अष्ट–ज' अवधारणाले नेपालमा भएका प्राकृतिक तथा मानवीय स्रोत तथा साधनहरूलाई राम्रोसँग पहिचान गरी ती स्रोत तथा साधनहरूको प्रवर्द्धन तथा विकास गरेर देशको आर्थिक समृद्धि ल्याउने उद्देश्य राख्दछ । नेपाल राष्ट्र प्रकृतिको वरदान हो । यहाँ हजारौं नदीनाला, तालतलैयाहरू छन् । हिमालय छन् अति सुन्दर भूभाग छ अनि खनिज तथा भूगर्भीय स्रोत तथा साधनहरूको पनि निकै ठूलो सम्भाव्यता छ । हरियो वन नेपालको धन भन्ने युक्ति अझै पनि सार्थक छ । नेपालको झन्डै ४५ प्रतिशत भूभाग वनजंगलले ओगटेको छ । नेपाल जडीबुटीको भण्डार हो । नेपालमा पाइने विभिन्न जडीबुटीहरूलाई चिनेर प्रशोधन गरेर विदेशमा निर्यात गरेर ठूलो रकम भित्र्याउन सकिन्छ । नेपालमा कृषिको विकास गरेर खाद्यान्नमा आत्मनिर्भर हुन बित्तिकै बर्सेनि खाद्यान्नमा आयातमा खर्च हुने साढे तीन खर्व रुपैयाँ बचत हुन्छ । त्यस्तै नेपालमा चाहिने इन्धन जलविद्युत् तथा सौर्यशक्ति तथा हावाबाट निकाल्ने विद्युत्ले पूर्ति गर्ने हो भने बर्सेनि इन्धन आयातमा खर्च हुने दुई खर्बभन्दा बढी रुपैयाँ नेपालमा नै राख्न सकिन्छ ।

नेपालमा पर्यटनको विकासको त अति नै ठूलो सम्भावना छ । नेपालको सौन्दर्य हेर्ने पहाड, हिमाल चढ्ने, वन्यजन्तु अवलोकन गर्ने, नदीहरूमा ऱ्याफ्टिङ गर्ने तथा नेपाली कला एवं संस्कृतिको अवलोकन गर्ने मात्र नभएर नेपालमा धार्मिक पर्यटनको ठूलो सम्भावना छ । श्री पशुपतिनाथ मन्दिर, मुक्तिनाथ, भगवान् बुद्धको जन्मस्थल लुम्बिनी, देवी सीताको जन्मभूमि जनकपुरधाम, राजा जनक को राज्य मिथिला, बराह क्षेत्र, गोसाइँकुण्ड, पनौती तथा देवधाट धार्मिक पर्यटनका केही मुख्य स्थलहरू हुन् । वेदव्यास जन्मभूमि दमौली, वाल्मीकि ऋषि आश्रम चितवन, पाणिनि ऋषि आश्रम अर्घाखाँची आदि हाम्रो वैदिक सनातन हिन्दु धर्ममा उच्च स्थान राख्ने ऋषिमुनिहरू र उहाँहरूको पवित्र स्थानहरू हुन् जसले ठूलो धार्मिक तथा ऐतिहासिक पर्यटनको सम्भावना राख्दछन् । यस्तै अनेकन स्थानहरू नेपालभरि छरिएर रहेका छन्, जसको प्रचारप्रसार र विकास गर्न सकेमा ठूलो धनराशि धार्मिक पर्यटनबाट आर्जन गर्न सकिन्छ ।

नेपाल शुद्ध पिउने पानीको लागि विश्वमा प्रख्यात मुलुक हुन् सक्दछ । शुद्ध हिमालबाट झरेका नदीहरू तथा झरनाहरूबाट अथवा पहाडका खोला एवं झरनाहरूबाट कलकल बगिरहेको शुद्ध पानीलाई सामान्य प्रशोधन गरेर बोटलमा राखेर बिक्री गर्ने हो भने ठूलो धनराशि पानी बेचेर नै कमाउन सकिन्छ । नेपालको उत्तर तथा दक्षिणतर्फ दुवै छिमेकी मुलुकहरूमा बढ्दो शुद्ध पिउने पानीको माग र बजार भएकाले पनि यो पिउने पानीको उद्योग नेपालमा ठूलो सम्भावना छ । अन्य मुलुकहरूमा पनि शुद्ध पिउने पानी पैठारी गरेर ठूलो धनराशि कमाउन सकिन्छ ।

'अष्ट–ज' ले नेपालको समृद्धि ल्याउने अर्को अति महत्वपूर्ण विधा भनेको जनशक्ति हो । 'अष्ट–ज' अवधारणाले जनशक्तिलाई सबैभन्दा ठूलो महत्व दिएको छ । जनशक्तिको संरक्षण, विकास र सदुपयोग 'अष्ट–ज' को मुख्य उद्देश्य एवं लक्ष्य हो । 'अष्ट–ज' ले एकदमै अनुभवी

जनशक्तिदेखि भर्खर जन्मेका बालबालिकाहरूलाई नेपालको विशाल जनशक्तिको रूपमा हेर्दछ र तिनीहरूको भरणपोषण र विकासमा केही कसर बाँकी राख्दैन । हाल बर्सेनि साढे तीन लाखको हाराहारी नेपाली युवायुवतीहरू विदेश जागिर खान जानु परेको यथार्थता एकदमै दुःख लाग्दो हो । एकातिर नेपालमा औद्योगीकरण, कृषि उत्पादनका विकासका पूर्वाधारहरू निर्माणका तथा अन्य शैक्षिक तथा सामाजिक विकास कार्यका काम त्यसै अलपत्र पारेर बसिरहेका छन् भने अर्कातिर लाखौं युवाशक्ति बर्सेनि नोकरीका लागि बिदेसिन परेको छ। यो अवस्थामा परिर्वतन हुनु अत्यावश्यक छ। 'अष्ट–ज' ले रोजगारीको सिर्जना नेपालमा नै गरेर कुनै पनि युवालाई नोकरीको लागि बिदेशिनु पर्ने बाध्यताको अन्त्य गर्दछ र त्यसका साथै विदेशमा काम गर्न जानु भएका अथवा शिक्षा आर्जन गर्न जानु भएका सम्पूर्ण युवाहरूलाई स्वदेशमा रोजगारीको सिर्जना गरी स्वदेश फिर्ता बोलाउने दृढसंकल्प लिएको छ। 'अष्ट–ज' ले विदेशमा गएर विभिन्न सीप शिक्षा र अनुभव आर्जन गर्नुभएका नेपाली जनशक्तिलाई नेपालको सामाजिक तथा आर्थिक रूपान्तरणको एक महत्वपूर्ण आधारको रूपमा लिइएको छ। 'अष्ट–ज' ले व्यावहारिक शिक्षाको विकास गरी ' अष्ट–ज' को प्रवर्द्धन र विकास एवं आर्थिक उन्नति गर्न सक्ने सक्षम जनशक्तिको विकासमा जोड दिएको छ ।

'अष्ट–ज' ले नेपाली जनतामा भएको कला, कौशल, संस्कृति, परम्परागत तथा स्वदेशी ज्ञान तथा विभिन्न सीपहरूलाई राष्ट्रको आर्थिक रूपान्तरणको ठूलो स्रोत तथा साधनको रूपमा लिएको छ। नेपाली समाजमा विश्वको नै उत्कृष्ट सीप, कला र ज्ञानहरू छन् । जस्तै नेपालको प्यागोडा शैलीका भवनहरू तथा मन्दिरहरू, नेपालमा पाइने विभिन्न जडीबुटी सम्बन्धी ज्ञान, नेपालमा विद्यमान कृषि प्रणालीको ज्ञान, नेपाली वाद्यवादन तथा संगीत एवं नृत्यहरू, पहाड तथा हिमाल चढ्ने कला, विभिन्न पक्वानहरू बनाउने कला, देशभर छरिएर रहेका १२४ भन्दा वढी भाषा एव भेषभूषाहरू, नेपाली साहित्य आदि विश्वमा नै अद्धितीय छन् । 'अष्ट–ज'ले यस्ता अति मूल्यमान स्रोत तथा साधनहरू पहिचान र तिनीहरूको विकास गर्दै देशको आर्थिक तथा सामाजिक रूपान्तरणमा फड्को मार्ने रणनीति तय गरेको छ ।

जैविक कृषि 'अष्ट–ज' को अर्को ठूलो रणनीति हो। नेपालको अधिकांश कृषि अझै पनि जैविक कृषि नै भएकोले र कृषिका अन्य विद्याहरूजस्तै जमिनको साइज, भौगोलिक विविधता, सिँचाइ सुविधा, काम गर्ने जनशक्तिको प्रचुरता, यान्त्रिकीकरणको सम्भाव्यता, वातावरणको सुरक्षा र विद्यमान कृषि प्रणाली एवं खाद्य शुद्धता आदिलाई ध्यान दिँदा नेपालको कृषि मुख्य तथा पहाड र हिमाली भागमा अहिलेबाटै र तराईमा केही वर्षपछि पूर्णरूपले जैविक कृषि हुनु पर्दछ । जैविक कृषि मिश्रित कृषि प्रणाली एवं साना कृषि व्यवसायलाई अति उत्तम हुने प्रणाली हो । नेपाल विश्वमा नै जैविक कृषिको अगुवा हुने हैसियत राख्दछ। जैविक कृषिसम्बन्धी राम्रो कार्य योजना बनाएर अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकता राखेर उत्पादनको राम्रो बजार व्यवस्था गर्न सक्ने हो भने जैविक कृषिले भारत र चीनमा ठूला बजारमा आफ्नो स्थान ग्रहण गरी अति राम्रोसँग विदेशी मुद्रा आर्जन गर्न सक्दछ । त्यसैले 'अष्ट–ज' ले देशको विद्यमान सानासाना मिश्रित कृषि प्रणालीलाई नै अनुसन्धान एवं विकासको माध्यमवाट र सरकारी सहयोग जस्तै कृषि उपजको मूल्य र खरिद ग्यारेन्टीजस्ता नीतिहरू अवलम्बन गरी नेपालको खाद्य सुरक्षा

सुनियोजित गर्दै जैविक कृषिजन्य वस्तुहरू विश्व बजारमा पैठारी गरी विदेशी मुद्रा आर्जन गर्ने रणनीति राखेको छ। यस रणनीतिले हाम्रा किसानहरूको आम्दानी बढाउने रोजगारी सिर्जना गर्ने र विदेशी मुद्रा पनि आर्जन गर्ने ढोका खोलिदिन्छ।

'अष्ट–ज'ले लगानीको सम्बन्धमा सम्पूर्ण लगानी स्रोतहरूको नीजि सरकारी नीजि तथा सरकारी एवं सहकारी आदिको पूर्ण परिचालन गर्नेछ। नीजि लगानीलाई कानुनी दायराभित्र रहेर काम गर्ने गरी विशेष महत्व दिनेछ। नीजि लगानीहरू देश भित्रकै अथवा देश बाहिरका पनि हुन सक्नेछन्। नीजि लगानीकर्ताहरूको सामाजिक दायित्वको वारेमा पारदर्शी नियम कानुन बनाएर नीजि लगानीलाई आकर्षक नगरी कुनै पनि देशको आर्थिक फड्को सम्भव हुँदैन। त्यसैले नेपाल राष्ट्रलाई नीजि लगानी मैत्री राष्ट्र बनाउनु र नीजि लगानीको धेरै हिस्सा राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याउनु जरुरत छ। नीजि लगानी अवश्य पनि सरकारी अनुगमन, प्रोत्साहन सहयोग र कार्ययोजनाभित्र नै पर्नु पर्दछ। 'अष्ट–ज' अवधारणले 'अष्ट–ज'को विकास एवं आर्थिक समुन्नतिमा नीजि लगानीलाई राम्रो ढोका खोल्दछ भने उत्पादनको वितरण तथा सामाजिक सेवा एवं सुरक्षाका विषयमा पनि 'अष्ट–ज' ले एकदमै उदारवादी नीति लिएको छ।

# अध्याय ४

## “अष्ट–ज” को संरक्षण एवं विकास कसरी गर्न सकिन्छ ?

प्राकृतिक तथा मानवीय स्रोत नै कुनै पनि समाज एवं राष्ट्रका समुन्नतिका आधार हुन । यी स्रोत तथा साधनहरूमा कमी आएमा तथा यिनीहरूको क्षयीकरण हुँदै नष्ट हुने अवस्था पुगेमा कुनै पनि राष्ट्रले न त विकास गर्न सक्दछ, न त भइसकेको विकासलाई धानी राख्न सक्दछ । त्यसैले दिगो विकासको लागि आफ्ना प्राकृतिक स्रोत तथा साधनहरूको पहिचान, प्रवर्द्धन र विकास हुनु अति आवश्यक छ । त्यस्तै आफ्नो जनशक्तिको राम्रो विकास गरेर आफ्नो देशमा विकासको लागि संलग्न गराउनुपर्ने हुन्छ । ‘अष्ट–ज’को संरक्षण एवं विकासमा धेरै तौरतरिकाहरू छन् । आफ्नो क्षेत्रको भौगोलिक परिस्थिति, भूगर्भीय अवस्था, जलवायु, वनस्पति, जीवजन्तुहरूको उपस्थिति, माटोको अवस्था, वातावरण, भू–उपयोग आदिजस्ता तत्वहरूलाई ध्यान दिएर त्यहाँ विद्यमान प्राकृतिक स्रोत तथा साधनहरूको सरंक्षण र विकास गर्नुपर्दछ । प्राकृतिक स्रोत तथा साधनहरूको संरक्षण र विकास गर्ने प्रविधिहरूको विकास पनि भइरहने हुन्छ । ती प्रविधिहरूको पनि उपयोगितालाई मध्यनजर राख्दै आफ्नो क्षेत्रको प्राकृतिक स्रोत तथा साधनहरूको संरक्षण एवं विकास गर्नु पर्दछ । यहाँ हाम्रो देशको हालको सामान्य अवस्थालाई ध्यानमा राखेर साधारणतया कसरी ‘अष्ट–ज’ को संरक्षण एवं विकास गर्न सकिन्छ भनेर टिप्पणी गर्नेछु ।

### क) जल

नेपालमा प्रचुर मात्रामा जलस्रोत भए पनि अधिकांश जनसंख्या आफ्नो घरमा पानीको पूर्तिको लागि अझै पनि धेरै संघर्ष गरिएको छ । सहरी क्षेत्रमा चाहिने जति पिउने पानीको पूर्ति हुन सकेको छैन भने अधिकांश ग्रामीण क्षेत्रहरूमा सफा पिउने पानीको पूर्ति हुन सकेको छैन । कती गाउँले समुदायहरू त घण्टौ पानी ल्याउन मात्र दिनहुँ खर्चिनु पर्दछ । एकदिनमा चार पाँच घण्टासम्म पानी बोकेर ल्याउनुपर्ने अवस्था भएका थुप्रै ठाउँहरू छन् । पिउनको लागि मात्र नभएर पानी गाईबस्तु तथा बाली बिरुवाहरूलाई पनि चाहिन्छ । पानीको अभावमा गाईबस्तुहरू तथा बाली बिरुवाहरू पनि राम्रो हुँदैनन् । जलवायु परिवर्तनको कारणले पानीको मुहानहरू सुक्दै गएकाले धेरै गाउँवासीहरूले आफ्नो पुर्ख्यौली बासस्थान छाड्दै हिँड्नु परेको छ, कतिले दैनिकी पानीको पूर्तिको लागि घण्टौ खर्चिनु परेको छ । कति ठाउँमा त पानीको अभावले धान रोप्ने अथवा हिउँदमा लगाइने बालीहरूमा अवरोध हुन पुगेका छन् ।

यथेष्ट मात्रामा घरको लागि चाहिने सफा पानी पूर्ति अति नै ठूलो समस्या छ । यी विभिन्न समस्याहरूको समाधान गर्न आकाशबाट परेको पानीको जमिनमा संरक्षण गर्ने, आकाशे पानीलाई पोखरी अथवा ठूलाठूला घैंटामा संरक्षण गर्ने, जमिनमा भएको चिस्यानलाई संरक्षण गर्ने, मूलहरू फुटाउने अथवा वरपर भएका पानीको मूलहरूको संरक्षण एवं पानीको सदुपयोग गर्ने नै पर्दछन् । पानी खेर गएर जानबाट रोक्ने त छँदैछ । जमिनमा यदि राम्रो माटो छ भने यसले धेरै पानी सोस्न सक्दछ । कृषि जमिनमा भूक्षयले माथिल्लो तहको राम्रो माटो बगाएर लगेपछि तल्लो तहको साह्रो माटो सतहमा निस्कन्छ जसको पानी सोस्ने क्षमता कम हुन्छ । यस्तो अवस्थामा आकाशबाट परेका अधिकांश पानी जमिनमुनि सोसिएर जानुको सट्टा बगेर जान्छ । यस

अवस्थामा भूक्षय अझ धेरै हुँदै जान्छ । भल पानीको मात्र ठूलो हुँदै जान्छ र कति अवस्थामा त तलको भूभागहरूमा बाडी आउने र डुबान हुन सक्दछ । आकाशे पानीलाई धेरैभन्दा धेरै आफ्नो जमिनमा सोसेर राख्ने अवस्था सिर्जना गर्नु पर्दछ । यसको लागि माटोको गुणस्तर वढाउने, भूक्षय रोक्ने, माटोमा सोत्तरको छाप्रो हाल्ने, बाली बिरुवाले जमिन ढकमक बनाइराख्ने तथा पानी बगेर खेर जानेबाट रोक्न गह्रामा आलीहरू बनाउने जस्ता पर्दछन् । त्यस्तै आकाशे पानीलाई घरका छानाहरूवाट एउटा ठाउँमा जम्मा गरेर उक्त पानी सिँचाइ अथवा घरका कामहरू जस्तै लुगाधुने या भाँडाहरू पखाल्ने काममा ल्याउन सकिन्छ । घरबाट निस्किएका पानीहरू, भाँडाकुँडा माझ्केका पानी करेसाबारीमा प्रयोग गर्न सकिन्छ । खोलानालामा बगेको पानीको केही मात्र पोखरी वा ताल बनाएर जम्मा गरेर कृषि, घर प्रयोग अथवा उद्योगको लागि प्रयोग गर्ने प्रणाली एकदमै बढ्दो छ।

थोपा सिँचाइ प्रणालीले पानीको धेरै संरक्षण गर्दछ । बिजुली उत्पादनका लागि बनेका ठूला ठूला जलशयहरूमा माछापालन, डुंगाहरू चढेर मनोरञ्जन गर्ने, सिँचाइको लागि अथवा प्रशोधन गरेर पिउने पानीको लागि पानी प्रयोग गर्न सकिन्छ । अहिलेको शताब्दीमा पानीको माग झन्झन् बढ्दै जाने हुँदा जलस्रोतको राम्रो संरक्षण एवं सदुपयोगका योजनाहरू जतिसक्दो चाँडो सुरुवात गर्नु अत्यावश्यक छ ।

## ख) जमिन

जमिनको संरक्षण एव सदुपयोगमा नै कुनै पनि समाज एवं राष्ट्रको अस्तित्व रहेको हुन्छ । विश्व इतिहासमा धेरै उदाहरणहरू छन् जहाँ रुख काटेर भूक्षय बढाएर बाढीले समथर भूमिहरू डुबाएर जनजीवन चल्न नसक्ने भएर सभ्यता खत्तम भएका छन् । कहीं भूक्षयले उर्वरा भूमि नष्ट भएर खाद्यान्न उत्पादनमा कमी भई भोकमरी एवं रोग लागेर सभ्यता नष्ट भएका छन् । त्यसैले आफ्नो समाज एवं राष्ट्रको लागि जमिनको संरक्षण एवं सदुपयोगको एकदमै जरुरत छ । जमिनको संरक्षण गर्न विभिन्न विधिहरू अपनाउन सकिन्छ । सबैभन्दा महत्वपूर्ण विधि भनेको जमिनको क्षेत्रीकरण गर्ने हो । जमिनको प्रयोगको क्षेत्रीयकरणले कुनकुन क्षेत्रमा कस्तो कार्य गर्ने भन्ने प्रस्ट हुन्छ । जस्तै कृषि क्षेत्रको भूभागमा कृषिको लागि संरक्षण र सदुपयोग गर्ने, बसोबासको क्षेत्रमा गाउँ तथा बस्तीहरूको विकास गर्ने, वनजंगल क्षेत्रमा वनजंगलको विकास गर्ने आदि पर्दछन् । जमिनको क्षेत्रीयकरणले जथाभावी कृषियोग्य भूमि घर जग्गामा परिणत हुने र खाद्यान्नमा परनिर्भरता हुने जस्ता ठूलो राष्ट्रिय समस्याको समाधानमा सहयोग पुऱ्याउदछ । भुभागको क्षेत्रीयकरणले कुन क्षेत्रमा कस्तो माटो छ, माटोमा के तत्वको कमी छ, कृषि उत्पादनको लागि कुन प्रविधिको जरुरत छ जस्ता विभिन्न अनुसन्धान एवं प्रविधिलाई लागू गर्न सजिलो हुन्छ ।

अर्को अति महत्वपूर्ण जमिनको संरक्षणको विधि भनेको भूक्षयको रोकथाम हो । भूक्षयले जमिनको उर्वर माटो बगाएर उर्वरभूमि पनि राम्रो उत्पादन नहुने जमिनमा परिणत हुन्छ । पहाडको तल्लो भागहरूमा नदीले खेतीयोग्य भूभागमा गेगर थुपारेर खेतको लागि अयोग्य बनाइदिन्छ । रासायनिक तथा भौतिक गुणस्तरको क्षय हुँदै भूमिको ह्रास हुँदै जान्छ । अम्लीयपन वढ्नु, माटोको फुरफुराउँदोपन हराउने, माटोको गहिराइ घट्दै जाने, माटोमा नुनको मात्रा

बढ्दै जाने, माटोमा जैविक पदार्थको मात्रा घट्दै जाने तथा माटो एकदमै खाँदिदै जाने जस्ता कारणहरूले जमिनको गुणस्तरमा ह्रास हुन्छ। यस्ता विभिन्न समस्यहरूवाट माटोलाई वचाउनको लागि माटोजाँच गर्ने, भूक्षय रोक्ने, उपयुक्त बाली प्रणाली लागू गर्ने तथा माटोको व्यवस्थापनका उपायहरू पत्ता लगाउनु पर्दछ। नदी तथा खोलाहरूले जमिन कटान गरेर बर्सेनि ठूलो मात्रामा कृषियोग्य भूमि नष्ट हुँदै गइरहेको छ। नदीका बीचमा रहेका टापुहरू पनि हराउँदै गएका छन्। यसरी खोला तथा नदीका किनाराको भूभागको संरक्षण तथा सदुपयोग गर्न विशेष कार्यक्रम लागू गर्नुपर्ने जरुरत छ। नेपालको चुरे भूभागमा नदीहरूले दुवैतिर जमिन काटेर एकदम समस्या पारेका छन्। तराई भागमा पनि यी चुरेबाट उत्पन्न भएका नदीहरूले ठूलो मात्रामा खेतीयोग्य भूमिको नष्ट गरेका छन्। नदी कटानबाट नष्ट भएका भूमागहरूलाई फेरि वनस्पति तथा खेतीयोग्य भूमिमा परिणत गर्नु एकदम जरुरत छ। पहिरोबाट पनि धेरै भूभागको गुणस्तर ह्रास भएर जान्छ। कृषि योग्य भूमिमा पहिरोले खेती गर्ने गह्राहरू भत्काउँछ। पहिरोले गह्राहरू पुरिदिन्छ र जमिन बिगार्दछ।

वनजंगलमा पनि पहिरो गयो भने वनजंगल नष्ट हुने, पहिरोले तलतिरका भूभागहरू बिगार्ने तथा धनजनको क्षति गर्ने गर्दछ। पहिरोबाट बच्न पहिरोको जोखिम भएका ठाउँमा घरहरू बनाउने तथा बसोबास गर्नु हुँदैन। नेपालमा पहिरोबाट बचाउन र सुविधाहरू पनि राम्रोसँग पुऱ्याउन नेपालका वस्तीहरूको मूल्यांकन एवं हुन व्यवस्थापन गर्न एकदमै जरुरत छ। माटोको प्रदूषण अर्को ठूलो समस्याको रूपमा विकसित भइरहेको छ। जमिनमा जथाभावी फोहोर फाल्ने, विषादी हाल्ने, उद्योगहरूबाट निस्केको विषादी पदार्थहरू जमिनमा जम्मा हुने, आदि कारणले माटोको प्रदूषण हुन्छ। प्रदूषित जमिनमा भएका कृषि उत्पादन पनि प्रदूषित हुन सक्दछ।

प्रदूषित जमिनमा बगेर जाने पानी तथा जमिनमुनिको पानी पनि प्रदूषित हुने हुनाले जमिनलाई प्रदूषित हुनबाट बचाउनु अति आवश्यक छ। जमिनको स्वस्थता, संरक्षण र सदुपयोगिता देशको आर्थिक तथा सामाजिक विकासको लागि अति महत्वपूर्ण कार्य हो।

**ग) जंगल**

वातावरणको शुद्धता, जैविक विविधता, जलस्रोतको संरक्षण, काठ तथा वन पैदावरको सुनिश्चितता र कार्बन कब्जा तथा भूक्षय एवं बाढीपहिरोवाट वचावट गर्न वनजंगलले मुख्य भूमिका खेलेका हुन्छन्। त्यसैले वनको संरक्षण गर्नु अति जरुरी छ। यसका साथै बर्सेनि बढ्दै गएको काठका सामानहरूको आयातलाई रोक्न आफ्नै देशमा काठको उत्पादन गर्न पनि एकदमै जरुरी छ। त्यसकारण हाम्रो देशमा भएका वनजंगललाई राम्रोसँग व्यवस्थापन गरी दिगो काठको उत्पादन गर्ने साथसाथै माथि भनिएका वनजंगलबाट हुने लाभलाई पनि कम हुन नदिनु वन व्यवस्थापन गर्नु आज हाम्रो ठूलो चुनौती हो। नेपालमा काठ पूर्ति गर्न नीजि वनले गर्ने सहयोग त छँदैछ। सामुदायिक तथा सरकारी वनहरूवाट पनि दिगो काठ उत्पादन गर्ने प्रणाली लागू गर्नु जरुरी छ। नेपालका उत्पादन वनहरू छुट्टयाई ती वनहरूको गहन व्यवस्थापन गरी उच्चतम उत्पादन लिने रणनीति लिनु जरुरी छ।

उत्पादन वनहरू खास गरेर समतल भूभाग, बेंसीहरू, टारहरू तथा भूक्षयको डर कम

भएका अथवा वन व्यवस्थापन तथा वन पैदावर उत्पादन गर्न सजिलो पर्ने ठाउँहरूमा हुनु पर्दछ। उत्पादन वनहरू सरकारी वा नीजि स्तरमा विकास गर्न सकिन्छ देशभरि कति क्षेत्रफलमा उत्पादन वनहरू स्थापना एवं विकास गर्ने सकिन्छ भनेर यसको लेखाजोखा गर्नु जरुरत छ। हाल भएका कतिपय सामुदायिक वनहरूका केही भागहरू उत्पादन वनमा पनि परिणत हुन सक्नेछन् । भिराला ठाउँमा भएका कुनै पनि वनहरू उत्पादन वनमा परिणत हुन हुदैन । यसरी स्थापना भएका वनहरूको व्यवस्थापन, काठ उत्पादन, पुनर्स्थापन तथा व्यवसायीकरण गर्ने विभिन्न कार्यहरू वातावरण, जैविक विविधता, सामाजिक तथा आर्थिक पक्षलाई समेटेर गरिनु पर्दछ । उत्पादन वनहरूको व्यवस्थापनमा प्राविधिक सहयोग साथ प्रविधिहरूको पहुँच हुनु एकदम जरुरी छ। नीजि जमिनहरूलाई सरकारले किनेर पनि उत्पादन वनको स्थापना गर्न सकिन्छ। नदीका किनारहरूमा पनि उत्पादन वनको विकास गर्न सकिन्छ। भइराखेका सामुदायिक तथा सरकारी वनका केही भागहरूलाई पनि उत्पादन वनमा परिणत गर्न सकिन्छ। वनको राम्रो व्यवस्थापन गरेर वन पैदावर आफ्नै देशमा उत्पादन गरी बर्सेनि आयात हुने काठको सामानहरूमा रोक लगाई स्वदेशमा नै स्वदेशी काठबाट आवश्यक काठका सामान बनाई अर्थतन्त्रको सुदृढीकरण गर्नु एकदम जरुरी छ । राम्रोसँग उत्पादन वनको विकास भएमा नेपालले काठको सामग्रीहरू विदेश निर्यात गर्दा राम्रो आयआर्जन गर्न सक्दछ।

### घ) जडीबुटी

नेपालको तराईदेखि हिमाली भागमा अनेकन जडीबुटीहरू पाइन्छन् । विभिन्न जडीबुटीहरू जस्तैः चिराइतो, बोजो, असुरो, तीतेपाती, घिउकुमारी, अमला, हर्रो, बर्रो, टिमुर, निम, गुर्जो, तुलसी, घोडताप्रे, लालीगुराँस आदि चलनचल्तीमा आइरहेका जडीबुटीहरू हुन् । नेपाली समाजमा जडीबुटीहरू प्रयोग हजारौं वर्षदेखि चल्दै आएकोले जडीबुटीसम्बन्धी ज्ञानहरू विभिन्न हिन्दु ग्रन्थहरू जस्तैः ऋग्वेद, यर्जुवेद, अथर्ववेद, आयुर्वेद, उपनिषद्, संहिता एवं स्वदेशी प्रविधिको ज्ञानको रूपमा स्थानीय समुदायहरू खास गरेर ज्येष्ठ नागरिकहरुमा विद्यमान जडीबुटीको सानलाई लिपिबद्ध गरेर सुरक्षित राख्नु अति महत्वपूर्ण छ । जडीबुटीको पूर्ण विकासको लागि संस्कृत भाषाको पुनर्स्थापन तथा आधुनिक प्रविधि एवं विज्ञानको पूर्ण ज्ञान र स्वदेशी प्रविधिको संरक्षण एवं विकास अति महत्वपूर्ण छ। जडीबुटीको पहिचान तिनीहरूको संरक्षण उपयोगितासम्बन्धी ज्ञानको विकास गर्नु अति जरुरी छ।

जडीबुटीबाट आर्थिक आयआर्जन गर्नको लागि सरकारी स्तरवाट नै सशक्त कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने जरुरत छ। जडीबुटीहरूलाई व्यवसायीकरण गर्न नेपालको एउटा ठूलो अवसर एवं चुनौती पनि हो। नेपालको कृषि प्रणालीमा जडीबुटी उत्पादन समावेश गर्न सकिन्छ। यसको लागि कुनकुन जडीबुटीहरूलाई कस्तो किसिमले खेती गर्न सकिन्छ, कुन प्रविधिवाट खेती गर्न सकिन्छ, कसरी प्रशोधन गर्ने, तिनीहरूको बजारको व्यवस्थापन आदि जडीबुटीको व्यवसायीकरणको मुख्य पक्षहरू हुन् । नेपालका कृषि र जडीबुटीलाई सँगै जोडेर कृषि तथा जडीबुटी उद्योगहरूको अनुसन्धान, व्यवस्थापन स्थापना एवं विकास गर्न अति आवश्यक छ। जडीबुटीको विकासको लागि अनुसन्धान र नीति नियम दुवैको एकदमै खाँचो छ।

जडीबुटीको वैज्ञानिक अनुसन्धानमा नेपाल विश्वमा नै अग्रीम पंक्तिमा रहनु पर्दछ । जडीबुटीको विकास, पैठारी तथा प्रयोगहरूको बारेमा पनि उपयुक्त नीति नियमहरूको तर्जुमा गरी जडीवुटी उद्योगलाई अर्थतन्त्रको एक अभिन्न अंगको रूपमा समेटेर लानुपर्ने जरुरत छ । जडीबुटीको विकासले नेपालमा ठूलो रोजगारी सिर्जना गर्न सकिन्छ ।

### ङ) जनशक्ति

नेपाल रोजगारी एवं विकासको लागि अथाहा सम्भावना बोकेको राष्ट्र हो । हाल बर्सेनि लाखौंको संख्यामा नेपालीहरू रोजगारीको लागि पलायन हुनुपर्ने बाध्यता ठूलो विडम्बना हो । यसरी रोजगारीको सिर्जना गर्ने अथाह सम्भावनाहरूलाई सुनियोजित रूपमा विकास गरेर स्वदेशमै रोजगारी सिर्जना गरी आफ्नो देशको जनशक्ति स्वदेशमै राखी समाज एवं राष्ट्रको आथिक रूपान्तरण गर्न नसक्नु हाम्रो राजनीतिक अथवा सुसाशनमा प्रणालीमा कमजोरी भएको हुनाले हो, यस्ता कमजोरीहरूलाई तुरुन्त सच्याउनु पर्दछ ।

सक्षम जनशक्तिको विकासमा राष्ट्रले धेरै ध्यान पुऱ्याउनु पर्दछ । बालबालिकाको पौष्टिक आहारदेखि तिनीहरूको सुरक्षा, शैक्षिक एवं स्वस्थका लागि आवश्यक सुविधा, भरणपोषण, स्कुल एवं कलेजहरूमा दिइने शिक्षाको गुणस्तर तथा विद्यार्थीहरूले सिक्ने सीप एवं कलाहरूको विकासका साथसाथै उनीहरूको व्यक्तित्व विकास आदि सक्षम नागरिक एवं दक्ष जनशक्ति हुनको लागि चाहिने गुणहरू हुनुको साथै पूरा चौतर्फी विकासको जरुरत पर्दछ । राम्रो जनशक्तिको विकासमा शिक्षकको ठूलो देन हुन्छ । देश विकासको लागि सिर्जनशील जनशक्तिको विकासको अति जरुरत पर्दछ । सिर्जनशील जनशक्तिमा आत्मविश्वास, आत्मजागरुकता तथा आत्मप्रेरणा जस्ता अति महत्वपूर्ण गुर्णहरुको विकास हुनु जरुरत छ । समाज, शैक्षिक प्रणाली एवं वातावरण जनशक्तिको चौतर्फी विकासको पक्षमा हुनु पर्दछ । जनशक्ति विकासमा कार्यक्रमहरु समाज र राष्ट्रको विकासलाई ध्यानमा राखेर तय गर्नु पर्दछ ।

विश्व प्रविधिमय हुने एकदमै छिटो गतिमा अघि बढिरहेको हुँदा दक्ष जनशक्ति उत्पादनको लागि प्रविधिको पहुँच, उच्चतम शिक्षा एवं आधारभुत संरचनाको विकास हुनु एकदमै जरुरत छ । मेसिन शिक्षा तथा कृत्रिम बुद्धिमता अवको युग भएकोले जनशक्तिको विकासको लागि विज्ञान तथा प्रविधिको साथ साथै कृत्रिम बुद्धिमता तर्फ जोड दिनुपर्दछ । अवको संसार भनेको प्रविधिको संसार हो । यसमा पछि परियो भने आर्थिक विकासको पनि सम्भावना रहदैन त्यसैले हाम्रो शिक्षा प्रणलीलाई एकदमै प्रविधि एवं शिपमुलक बनाउँनु परेको छ ।

समाजको द्रुतगर विकासको लागि हाम्रो सोचाईमा वास्तविकताको उपस्थिती हुनु पर्दछ । आफ्ना वरिपरि भएका श्रोत तथा साधानहरुलाई अवमुल्यन गरि विदेशमा गएर सजिलोसँग धन कमाउन सक्दछु भन्ने सोचाइ वास्तविकता भन्दा बाहिरको हो । यसको अलावा आफ्नो वरिपरि भएको स्रोत तथा साधनहरूलाई कसरी परिचालन गरेर कुनकुन अवसरहरू त्यहाँ छन्, तिनीहरूलाई राम्रोसँग बुझेर आफ्नो आयआर्जनका कार्यहरू गर्ने हो भने अवस्य पनि सफल भइन्छ । नेपालमा कृषि पर्याटन, ऊर्जा, जडीबुटी, पशुपालन, वन पैदावर, खनिज स्रोतहरू एवं

कला तथा संस्कृतिले ठूलो मात्रमा रोजगारी सिर्जना गर्न सक्दछन् । देशको जनशक्तिको विकास पनि यिनै विधाहरूमा जोडिएर आधुनिक प्रविधिहरूको विकासमा जोड दिँदै गरिनु पर्दछ ।

## च) जनावर

जनावर भन्नाले सम्पूर्ण पशुपन्छी, माछा, जीवित प्राणी तथा घरपालुवा लगायत वन्यजन्तुहरू सबै पर्दछन् । नेपालमा विभिन्न किसिमका जनावरहरू पाइन्छन् । वन्यजन्तुहरू जस्तैः बाघ, भालु, गैंडा, हात्ती, मृग, चितुवा, पाण्डा, विभिन्न सर्पहरू सब जलचरहरूमा गोही, कछुवा तथा विभिन्न प्रजातिका माछाहरू पर्दछन् । त्यस्तै चराचुरुंगीहरूमा डाँफे, सुगा, चील, मुनाल, तित्रा, काग, परेवा, भंगेरा, हाँस तथा कालिज र अन्य अनेकन चराचुरुंगीहरू छन् । घरपालुवा जनावरहरूमा गाई, भैंसी, बाख्रा, भेडा, सुँगुर, चौरी तथा विभिन्न प्रजातिका कुखुराहरू एवं हाँसहरू छन् । यसरी जनावरको ठूलो विविधता हुनु अर्थतन्त्रको विकासको हिसाबले ठूलो सौभाग्य हो । यो स्रोतलाई पूर्ण संरक्षण एवं विकास गर्नुपर्ने जरुरत छ । सर्वप्रथम त यी विभिन्न जनावरका जाति तथा प्रजातिहरूको नश्ल संरक्षण गर्नु पर्ने जरुरत छ । यिनका नश्लहरू धेरै लामो समय लगाएर प्राकृतिक हिसाबले नै विकास हुँदै आएको हो । यसको नष्ट भएमा हामीलाई ठूलो नोक्सान हुन्छ । अन्त खोजेर फेरि नपाइन सक्दछ । त्यसकारण विभिन्न जाति, प्रजातिका जनावरहरू, पशुपन्छीहरू एवं जलचरहरूको पहिचान गरेर तिनीहरूको उचित संरक्षणको कार्यहरू गर्नु पर्दछ । जगंली जनावरहरूको लागि राष्ट्रिय निकुञ्ज तथा विभिन्न आरक्षहरू बनिरहेका छन् भने गैरकानुनी रूपले सिकार गर्ने चोरी पैठारी गर्नेजस्ता कार्यहरू कडाइका साथ रोकथाम गरिनु पर्दछ । वन्यजन्तुहरूको बासस्थानको संरक्षण वनमा हुने खास किसिमको वृक्षहरू फलफूलहरू पानी घाटहरू आदिको संरक्षण हुनु पर्दछ । घरपालुवा जनावर हरूको नश्ल संरक्षणको लागि तिनीहरूको संरक्षण तथा नश्ल संरक्षण बैंकहरूको स्थापना गरिनु पर्दछ । व्यावसायिक उत्पादनको लागि नश्ल सुधार पनि एकदमै जरुरत छ । उपयुक्त प्रविधिको प्रयोगबाट नश्ल सुधारका कार्यहरूमा व्यापकता ल्याउनु पर्दछ । जनावर तथा पशुपन्छी पालनवाट व्यवसायीकरणको लागि जरुरत पर्ने शिक्षा तथा प्रविधिहरूको पहिचान गरेर आफ्नो शिक्षा प्रणाली त्यतातर्फ उन्मुख हुनु पर्दछ । राम्रो दाना, चरन, राम्रो बासस्थान, स्वस्थ्य सेवा तथा बजारको राम्रो व्यवस्थापन कुनै पनि पशुपन्छी अथवा माछापालनको व्यवसायीकरणको लागि जरुरत पर्ने कुराहरू हुन् ।

अहिले धेरै कृषि योग्ग भूमिहरू खाली हुँदै गएका छन् । खास गरेर पहाडी भागमा यी भूभागहरूमा पशुपालनको विकास गर्न सकिन्छ । चरनहरूको विकास गर्दै जाने हो भने पशुपालन सजिलो हुन्छ । जनावरलाई ध्यानमा राखी व्यावसायिक विकास गर्न जरुरत छ ।

## छ) जराजुरी (बालीनाली)

जराजुरी भन्नाले सम्पूर्ण बालीनाली भन्ने वुभिन्छ । झन्डै दुई तिहाइ जनसंख्या नेपालमा अझै पनि कृषिमा निर्भर छन् । नेपालमा धेरै किसिमका बालीनालीहरू उत्पादन भइरहेका छन् । तीमध्ये मुख्यतः धान, मकै, गहुँ, कोदो, तेलहन तथा दालजन्य बालीहरू विभिन्न फलफूल तथा तरकारी बालीहरू अनेकन फूलहरू मसला बालीहरू उखु, जुट, कपास, सुर्ती, च्याउखेती पर्दछन्

। यी सम्पूर्ण बालीनालीको विकास नै नेपालको आर्थिक विकासको पहिलो खुड्किलो हो । देशमा खाद्य सुरक्षा नै राष्ट्र विकासको मूल आधार हो ।

बालीनाली एवं खेतीपातीको पूर्ण विकास एवं खाद्य सुरक्षाका लागि नेपाल सरकारले अविलम्ब लिनुपर्ने राष्ट्रिय कृषि नीति भनेको कृषकका कृषिजन्य उत्पादनको बजार एवं मूल्यको जिम्मा लिनु हो, यसलाई पर्चेज र प्राइस ग्यारेन्टी भनेर अंग्रेजी भाषामा बुझिन्छ । स्थानीय सरकार एवं संघीय सरकारले राम्रो अध्ययन गरी कृषिजन्य उत्पादनको खरिद एवं मूल्यको ग्यारेन्टी भएपछि कुनै पनि कृषकले कुनै किसिमको कृषिजन्य उत्पादन बजारको कमी भयो भनेर खेर फाल्नु पर्दैन । सरकारले विभिन्न किसिमका सुविधाहरूजस्तै सडक, सिँचाइ बीउबिजन तथा मल आदिको उपलब्धतामा विशेष ध्यान दिनु पर्दछ । कृषि उत्पादनको लागि एवं प्रशोधन तथा बजार व्यवस्थापनका लागि कृषि सहकारीको ठूलो देन हुन सक्दछ । कृषिजन्य वस्तुहरूको प्रशोधन संरक्षण, भण्डारण तथा बजार व्यवस्थापनमा नीजि क्षेत्रलाई समावेश गर्न पर्दछ । सहकारीहरूले उत्पादन तथा स्थानीय तहमा कृषिमा देन पुऱ्याउन सक्दछन् भने नीजि तहले क्षेत्रीय एवं राष्ट्रियस्तरमा कृषि बजार व्यवस्थापनमा ठूलो भूमिका खेल्न सक्दछन् । कृषिको अन्तर्राष्ट्रिय व्यापारमा पनि नीजि क्षेत्रलाई प्रोत्साहन गर्दै अगाडि बढाउनु पर्दछ ।

नेपालमा कृषिको संरक्षण एवं विकासको लागि कृषिको व्यवसायीकरण एकदम जरुरत छ । नेपालको विद्यमान मिश्रित कृषि प्रणाली जसमा अन्नबाली गाईबस्तु, फलफूल, तरकारी तथा अन्य बालीनालीहरूको एउटै कृषकले उत्पादन गर्छन्, यही कृषि प्रणालीलाई व्यवसायीकरण गर्नुको अर्को विकल्प छैन । कृषि व्यवसायीकरणको नाममा विद्यमान कृषि प्रणालीलाई त्याग गरेर आधुनिक कृषि प्रणाली भन्दै आफ्नो भूगोल, धरातल, माटो, भूमिको अवस्था, सामाजिक, जलवायु अवस्था तथा पूर्वाधारहरूको ध्यान नराखी एउटा बालीमा मात्र निर्भर हुने ठूलो क्षेत्रमा गरिने कृषिको सपनामा हिँड्नु राम्रो होइन । भइरहेको कृषि प्रणालीको नै व्यवसायीकरण, अनुसन्धान र विकास गर्दै उपयुक्त हुने ठाउँ एवं अवस्थामा ठूलाठूला कृषिफार्महरुको विकास गर्ने पनि उद्देश्य राख्दै कृषि नीति निर्धारण गर्नु पर्दछ ।

नेपालको कृषि खास गरेर पहाड र हिमाली भागको कृषि अहिलेदेखि नै अर्गानिक कृषि हुनु पर्दछ । यसका लागि सरकारले पहाडी एवं हिमाली भागलाई अर्गानिक कृषि वेल्ट भनेर घोषणा गर्नु जरुरी छ । अझै पनि अधिकाशं कृषि यस क्षेत्रमा अर्गानिक कृषि भएकाले हिमाल एवं पहाडी भागलाई अर्गानिक कृषि वेल्ट भनेर कृषि उत्पादनमा केही फरक पर्दैन । अर्गानिक कृषिका एकदमै धेरै जनस्वास्थ्य, वातावरणीय एवं विश्व बजारमा मूल्यवान् भएकाले नेपालले अविलम्ब हिमाल र पहाडी भागलाई अर्गानिक कृषि बेल्ट घोषणा गरी उचित कृषि नीति बनाएर कृषिको व्यवसायीकरणमा अगाडि वढ्नु पर्दछ । अर्गानिक कृषिलाई टेवा पुग्ने अनुसन्धान तथा विकास एवं सुविधाहरूको व्यवस्थापन गर्नु जरुरी छ । हिमाली र पहाडी भागमा अर्गानिक कृषिको राम्रो विकास हुँदै गर्दा तराई क्षेत्रलाई पनि विस्तारै अर्गानिक कृषिमा डोऱ्याउँदै लैजानु पर्दछ । अन्त्यमा पूरा नेपाल नै अर्गानिक कृषि हुनु पर्दछ । यसले नेपालको विश्वमा एक महत्वपूर्ण स्थान ओगट्न ठूलो मद्दत गर्दछ ।

कृषिको विकासका लागि प्रविधिहरूको विकास अति जरुरत छ । कतिपय प्रविधि सयौं वर्ष लगाएर विकसित हुँदै आएका छन्, कति प्रविधिहरू नयाँ हुन्छन् । के कस्ता प्रविधिहरू कहाँ र कसरी प्रयोग भइरहेका छन् र तिनको प्रयोग कसरी गर्न सकिन्छ भनेर सधैं चनाखो रहनु पर्दछ । नयाँनयाँ र राम्रो दिगो विकासका प्रविधिहरूको विकास भइराख्नु पर्छ । खाद्य सुरक्षा राष्ट्रको सार्वभौमसत्तासँग जोडिएको हुनाले नेपालले कुनै हालतमा पनि आफ्नो खाद्य सुरक्षालाई मुख्य विकासको विधाको रूप लिनु पर्दछ ।

**ज) जलवायु**

नेपाल जलवायुको वरदान हो । तराईमा पाइने उष्ण जलवायुदेखि पहाडी भागमा पाइने शीतोष्ण जलवायु र हिमाली क्षेत्र एवं उच्च पहाडी भागमा पाइने शीत जलवायु प्रदेशहरू विभिन्न कृषि कार्य गर्न उपयुक्त छन् । यी प्रदेशहरूमा जंगल पनि भिन्नभिन्न किसिमका पाइन्छन् । वन्यजन्तुहरू पनि केही भिन्न खालका पाइन्छन् । उच्च हिमाल जहाँ सदाबहार हिउँ परिरहन्छ, त्यस्ता ठाउँमा कुनै वनस्पति एवं जनावर नहुने हुनाले यस जलवायु बासस्थानलाई टुन्डा अथवा स्थानलाई शीतल मरुभूमि वा तेस्रो ध्रुव पनि भनेर बुभिन्छ । टुन्ड्रा जलवायुको तल जहाँ गृष्ममा हिउँ पग्लेर जिम्बु अथवा साना घाँसहरू अथवा फूलहरू फुल्ने स्थानमा पाइने जलवायुलाई टैंगा अथवा अल्पाइन जलवायु भनेर भनिन्छ । जलवायुले दिएको विविधता नेपालको ठूलो सम्पत्ति हो । जलवायुको विविधताअनुसार अनेकन बालीनाली, जडीबुटी, बोटबिरुवा तथा पशुपन्छीहरूको उत्पादन तथा विकास गर्न सकिन्छ ।

विश्वव्यापी तापक्रमको वृद्धि हुँदै गइरहेको हुनाले विश्वभरि नै वातावरणमा ठूलो परिवर्तन हुँदै गइरहेको छ । यसको असर नेपालमा झन् धेरै परेको छ र तीव्र रूपले बढिरहेको छ । विश्वको सबैभन्दा उच्च भूभाग नेपालमा भएकाले विश्वव्यापी तापक्रम बढ्दो असर नेपालमा पर्नु स्वाभाविकै हो । वातावरण परिवर्तनका असरहरू जस्तै अल्पवृष्टि, खण्डवृष्टि, अनावृष्टि, खडेरी, अति वर्षा जस्ता वर्षामा भएका परिर्वतन बेमौसममा बिरुवा फूल खेल्न थाल्नु, धेरै शीतलहरहरू आउनु, गर्मी बढ्दै जाने, विभिन्न रोग तथा कीराहरूको प्रकोप बढ्नु, पिउने पानीको मूलहरू सुक्दै जानु, सुक्खा बढ्दै गएर डँढेलोको प्रकोप पनि बढ्दै जानु आदि जलवायु परिवर्तनले सिर्जना गरेका समस्याहरू हुन् । यस्तै अनेकन समस्याहरू देखिँदै जानेछन् । हिउँ पग्लेर काला पहाडहरू देखिन थालिसकेका छन् । धेरै कारणहरूमध्ये उद्योगधन्दाहरू, गाडी, रेलहरू, धुवाँ आदिले गर्दा विश्वको तापक्रम बढ्दै गइरहेको हो । यस्ता कार्यहरूमा कमी अथवा उच्च प्रविधिको प्रयोग गरेर विश्व तापमान बढ्न नदिने कार्य गर्नु अति जरुरत छ । जलवायु परिवर्तनबाट बच्नको लागि वृक्षरोपण गर्ने, बिजुलीबाट चल्ने गाडीहरूको प्रयोगमा ल्याउने, धुवाँ फाल्ने उद्योगहरूमा धुवाँको व्यवस्थापन गर्ने, दाउरा अथवा खेतबारीमा पराल एवं घसेटा नजलाउने, मलहरूको प्रयोग गर्दा राम्रो प्रविधि अपनाउने आदि क्रियाकलापले जलवायुको संरक्षण गर्न सकिन्छ । सरकारी नीतिहरू पनि जलवायु परिवर्तनका असरहरूबाट समाजलाई बचाउन तथा वातावरणको संरक्षणको लागि जलवायुको असर न्यूनीकरणका कार्यहरू गर्नु पर्दछ । जलवायु परिवर्तनका असरहरू न्यूनीकरणका विभिन्न उपायहरू छन्, तिनीहरूमध्ये माटोको चिसोपनको संरक्षण गर्ने, भूक्षयवाट जमिनलाई

बचाउने, आकाशबाट आएको पानीलाई संकलन गरेर सिँचाइ तथा अन्य काममा ल्याउने, बोटबिरुवाहरू लगाउने, पानीका मुहानहरूको संरक्षण गर्ने, पोखरी खनेर वर्षादको पानी संरक्षण गर्ने, खानेपानी खेर नफाल्ने, कम पानी चाहिने जातका बीउबिजनहरूको विकास गरी प्रयोग गर्ने, थोपा सिँचाइ गर्ने आदि पर्छन् । त्यस्तै बाढीपहिरोबाट बच्न उपयुक्त स्थानमा बसोबास बढाउने पनि अर्को उपाय हो । जलवायुलाई संरक्षण गरी परिवर्तन हुनबाट रोक्न र हुँदै गरेको परिवर्तनका कारणले परेका असरहरूको न्यूनीकरण गर्दै जानु नै आजको आवश्यकता हो ।

# अध्याय ५

## नेपाल भिजन सन् २०४० भनेको के हो ?

नेपाल भिजन सन् २०४० भनेको 'अष्ट–ज' अवधारणाको आधारमा 'अष्ट–ज' स्रोत तथा साधनहरूको संरक्षण, संवर्द्धन, प्रवर्धन, विकास एवं सदुपयोग गरेर सन् २०४० सम्ममा नेपालको आर्थिक तथा सामाजिक विकासको स्तर विश्वका धनी देशहरूको सरहमा पुऱ्याउने हो । 'अष्ट–ज' अवधारणा दिगो विकासको लागि एक शान्तिपूर्ण माध्यम हो । 'अष्ट–ज' अवधारणा समाजमा विद्यमान विभिन्न भेदभावहरूलाई हटाउँदै एक समावेशी, दिगो र वातावरण मैत्री विकास गर्ने लक्ष्य राख्दछ । नेपाल भिजन सन् २०४० ले समाजमा बढ्दै गएको आम्दानीको भिन्नतालाई कम गर्दै शिक्षा, स्वस्थ्य तथा सामाजिक सुरक्षा एवं सुशासनको सुदृढीकरण एवं व्यवस्थापन गर्दै नेपालमा व्यापक रोजगारीको सिर्जना गर्ने उद्देश्य राखेको छ । नेपाल भिजन सन् २०४० ले भ्रष्टाचार नियन्त्रण एवं सामाजिक सुरक्षा प्रणाली दरिलो वनाउँदै जस्मा शिक्षा तथा स्वस्थ्य एवं रोजगारीमा राज्यको ग्यारेन्टीभित्र पर्दछन् जस्ता कार्यहरूलाई उच्चतम प्राथमिकताभित्र राख्दछ ।

नेपाल भिजन सन् २०४० ले द्रुतगतिमा देशको चौतर्फी एवं दिगो विकास गर्न तलका नौ वटा रणनीति तथा दिशानिर्देश गरेको छ । ती दिशानिर्देशहरू हुन्:

क) खाद्यान्नमा आत्मनिर्भरता ।
ख) नवीकरणीय स्रोत ऊर्जाको पूर्ण विकास र ऊर्जामा पूर्ण रूपले नवीकरणीय ऊर्जामा रूपान्तरण ।
ग) वार्षिक तीन करोड पर्यटक भित्र्याउने ।
घ) प्रागांरिक खाद्यपदार्थ, वनस्पतीबाट उत्पादित औषधि तथा सुगन्धित पदार्थहरू विभिन्न रत्न तथा अन्य आभूषणहरू एवं नवीकरणीय ऊर्जाको निर्यात ।
ङ) भ्रष्टाचारको पूर्ण नियन्त्रण
च) पूर्वाधारको व्यापक विकास
छ) विपत्ति सामना गर्ने सामुदायिक विकासमा तीव्रता
ज) सामाजिक सुरक्षा एवं सेवा
झ) 'अष्ट–ज' स्रोत तथा साधनहरूको संवर्द्धन, प्रवर्द्धन र विकास ।

नेपाल भिजन सन् २०४० नेपाललाई आत्मनिर्भर गराउने गौरवशाली नेपाली इतिहासको पुनर्जागरण गर्ने, नेपाललाई प्रकृतिले दिएको अतुलनीय एवं अकल्पनीय अथाहा सुन्दरताको वरदानलाई संरक्षण गर्नुका साथै विश्वभरको जनतालाई नेपालमा पर्यटकको रूपमा आकर्षित गर्ने, आफ्नो मौलिक ज्ञान तथा प्रविधिहरूको संरक्षण र विकास गर्ने, अनि नेपाली जनतालाई शिक्षा, स्वस्थ्य सामाजिक सुरक्षा, रोजगारी एवं आर्थिक सम्पन्नताजस्ता अति महत्वपूर्ण कार्यमा दत्तचित्त भई नेपाली समाजको द्रुतत्तर गतिमा समावेशी, सामाजिक एवं आर्थिक रूपान्तरण गरी दिगो आर्थिक विकास गर्दै सन् २०४० सम्म नेपाल विश्वको एक धनी राष्ट्र बनाउने भीष्म प्रतीज्ञा एवं महाअभियान हो ।

यसमा सम्पूर्ण नेपाली जनता तथा नेपाललाई माया गर्ने शुभचिन्तकहरूको सहयोग, सद्भाव र शुभकामनाको जरुरत छ । नेपाल भिजन सन् २०४० नेपाली समाजलाई उच्चतम चुचुरोमा पुऱ्याउन महामन्त्र हो । यसमा सम्पूर्ण नेपालीहरू आफ्नो तन, मन र धन लगाएर पूर्ण सहभागी हुन जरुरी छ । नेपाल भिजन सन् २०४० ले नेपालको सार्वभौमसत्ताको संरक्षण गर्दछ । नेपाल भिजन सन् २०४० नेपालीहरूको आर्थिक समुन्नति बढाउँदै, नेपाली बीचमा एकताको सुनिश्चितता कायम गर्दै, नेपाली गौरवशाली इतिहासलाई पुनर्जागरण गर्दै, नेपाल एवं नेपालीको गौरवतालाई पूर्ण विकास गर्ने महारणनीति हो । नेपाल भिजन सन् २०४० लाई पूर्ण सफलताको बिन्दुमा पुऱ्याउनु हामी सम्पूर्ण नेपालीको दायित्व एवं कर्तव्य हो ।

# अध्याय ६

## नेपाल भिजन सन् २०४० लाई कसरी सार्थक वनाउने ?

नेपाल भिजन सन् २०४० लाई सार्थक वनाउन 'अष्ट–ज' लाई बुझ्नु र बुझाउनु जरुरत छ । 'अष्ट–ज'को बुझाइभित्र राष्ट्रियता, सार्वभौमसत्ता, औद्योगीकरण, समावेशिता, दिगो एवं आत्मनिर्भर विकास, वातावरण, रोजगार, राष्ट्रिय एकता, सामाजिक सुरक्षा एवं नेपालको सामाजिक तथा आर्थिक रूपान्तरणजस्ता अति गहकिला एवं संवेदनशील भावना तथा कार्यदक्षता एवं उपलव्धिहरूका लागि रणनीति एवं दिशानिर्देशहरू पर्दछन् । 'अष्ट–ज'को वुझाइभित्र वैदिक सनातन हिन्दु धर्म तथा पूर्वीय दर्शनका मार्गदर्शनहरू एवं वुझाइहरू पर्दछन् । अष्टजको वुझाइभित्र पृथ्वीको चार उपप्रणालीहरू जलमण्डल, वायुमण्डल, भू-मण्डल र जैविक मण्डलहरू र ती उपमण्डलहरू भित्रका एवं तिनीहरू बीचका अन्तरसम्बन्ध एव पारस्पारिक सम्बन्धहरूका बारेमा हुने बुझाइहरू पर्दछन् । 'अष्ट–ज' को वुझाइभित्र कृषि, पशुपालन, जलविद्युत्, वन संरक्षण, पर्यटन विकास, सामाजिक सुरक्षा, भ्रष्टाचारको रोकथाम, खानी, वातावरण, जलवायु परिवर्तन, शिक्षा प्रणाली, जनशक्तिको विकास, रोजगारी तथा दिगो आर्थिक विकासजस्ता राज्य एवं समाजका गहन विषयहरू पर्दछन् । 'अष्ट–ज' को बुझाइभित्र सिंगो नेपाली समाजको राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा जरुरत पर्ने विज्ञान, प्रविधि, कला, व्यावसायिकता एवं कार्य दक्षताको पूर्ण क्षमताको विकास भन्ने वुझिन्छ । 'अष्ट–ज' को वुझाइभित्र एक सुशासनयुक्त, सरक्षित, समाजसेवी, सहनशिल, संस्कार एवं संस्कृतिले सुशोभित समाजको विकास भन्ने बुझ्नु पर्दछ । 'अष्ट–ज' को वुझाइभित्र वातावरणमयी प्रकृतिको संरक्षण भएको स्वस्थ्य सुखी एवं विश्व भाइचारा भएको विश्व निर्माण भन्ने बुझिन्छ । यसरी 'अष्ट–ज' ले सम्पूर्ण प्रकृति, विश्व एवं मानव जातिको नै कल्याण गर्ने उद्देश्य लिई मार्गदर्शन गरेको छ । यति ठूलो ' अष्ट–ज' अवधारणाको आधारमा विकास भएको नेपाल भिजन सन् २०४० लाई सार्थक बनाउन निम्नलिखित बुँदागत रूपमा प्रस्तुत गर्दछु ।

### क) कृषि, वन तथा जडिबुटीको विकास एवं औद्योगिकरण

कृषि, पशुपन्छी एवं माछापालन, वन व्यवस्थापन तथा जडीबुटीको उच्चतम विकासलाई केन्द्रमा राखेर स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय नीति निर्माण र कार्ययोजना बनाई समग्र रूपमा देशभरि ती कार्यक्रमहरूको कार्यान्वयन गर्न अत्यन्त जरुरी छ । हजारौं वर्षदेखि विकसित हुँदै आएको हाम्रो मिश्रित कृषि प्रणालीलाई अनुसन्धान एवं विकास गर्दै देशलाई खाद्यान्न आत्मनिर्भर बनाउनु पर्दछ । आफ्नो कृषि प्रणालीलाई निर्वाहमुखी, कम उत्पादनशील, पौराणिक आदिको संज्ञा दिँदै पश्चिमा मुलुकमा भएका विषादीयुक्त एउटा मात्र बाली लगाउने, मेसिनको प्रयोगमा ठूलाठूला फर्महरू सञ्चालनमा ल्याउने, वातावरण प्रदूषण गर्ने र सानासाना किसान परिवारलाई विस्थापित गरेर सहरका झुपडीहरूमा पुऱ्याउने प्रणालीको सिको एवं प्रशंसा गर्दै गत ३० वर्षदेखि नेपालको कृषि नीति निर्माण प्रक्रियाले ठूलो गल्ती गरिरहेको छ । यो गल्ती तुरुन्त सच्याउनु पर्दछ । हाम्रो कृषि प्रणालीको अनुसन्धान एवं विकास गर्दै जानु पर्दछ । हाल साढे तीन खर्व रुपैयाँभन्दा बढी बर्सेनि कृषिजन्य वस्तुहरू विदेशवाट आयात गर्नु परेको छ । बर्सेनि तीन लाखभन्दा बढी नेपाली युवाहरू विदेशमा जागिर खोज्न जानु परेको छ । धन्नै एक

चौथाइ जति कृषिजन्य भूभागहरू बाँझो भएका छन् । नेपालीहरूको भान्सामा स्वदेशी स्वस्थ प्रांगारिक तरकारी, माछा, मासुको स्थानमा विदेशवाट विषादियुक्त फलफूल, तरकारी तथा अन्य खाद्य पदार्थहरूले भरिएका छन् । राष्ट्रको ऋण २३ खर्ब रुपैयाँभन्दा वढी पुगेको छ । खाद्य सुरक्षा राष्ट्रिय सुरक्षा तथा सार्वभौमसत्ताको रक्षासँग जोडिएको हुन्छ । राष्ट्रको सार्वभौमसत्ताको रक्षा गर्न, राष्ट्रिय सुरक्षा सुदृढ राख्न, नेपाली जनसमुदायको जीवनस्तर उकास्न, सम्पूर्ण नेपालीलाई स्वस्थ्य खाद्य सामग्रीको सुनिश्चितता वृद्धि गर्न, हामीले हाम्रो कृषि प्रणालीको समग्र विकास गर्नु एकदमै जरुरत छ । यसका लागि 'अष्ट–ज'को अवधारणअनुसार कृषिको विकासमा ढिलाइ पटकै गर्नु हुँदैन । कृषि राष्ट्रको आर्थिक उन्नतिको मेरुदण्ड हो ।

वनको उचित व्यवस्थापन गरी वनबाट काठ एवं अन्य वन पैदावरको सुनियोजित उत्पादन गर्ने प्रणालीको विकास गर्नु अति जरुरत छ । यस्तो प्रणालीले देशमा जरुरत पर्ने फर्निचरहरू, प्लाइउडहरू, काठहरू आदिको स्वदेशी पैदावरबाट नै पूर्ति गरी हाल यस्ता पैदावरहरू विदेशवाट आयात गर्नमा बर्सेनि खर्च हुने अर्बौ रुपैयाँ नेपालमा नै राख्न सकिन्छ । यसले नेपाल भिजन सन् २०४० लाई सार्थक बनाउन ठूलो सहयोग गर्दछ । त्यस्तौ जडीबुटीको पहिचान, विकास र प्रशोधन गरेर निर्यात गर्न सकेमा ठूलो धनराशि आर्जन गर्न सकिन्छ । कृषि तथा जडीबुटीको औद्योगीकरणले नेपाललाई चाँडै धनी राष्ट्र बनाउन ठूलो क्षमता राख्दछ ।

## ख) स्वदेश मै रोजगारी

रोजगारीको सिर्जना गरी नेपाली युवाहरूलाई स्वदेशमा नै रोजगारी दिँदै विदेश जानबाट तुरुन्त रोक्नु पर्दछ । ऊर्जाशील युवा बिदेसिएपछि राष्ट्र र समाजको भलो हुने कुनै कुरै छैन । त्यसैले नेपाल सरकारले राष्ट्रिय एवं स्थानीय तहबाट व्यापक रोजगारी सिर्जनाका कार्यक्रम ल्याउनु पर्दछ । नेपालमा धेरै क्षेत्रहरू छन् जहाँ नेपाल सरकारले लगानी गर्नु पर्नेछ र उक्त लगानीबाट 'अष्ट–ज' संरक्षण र विकास पनि हुन्छ अनि आम्दानी पनि बढेर नेपाल भिजन सन् २०४० सार्थक हुन्छ । यस्ता क्षेत्रहरूमध्ये चुरे तथा तराई भागमा नदीले कटान गरेर बगर पल्टेका भूमिको पुनर्स्थापना, पहाडी भागमा अथवा तराईमा पनि प्राकृतिक जोखिम जस्तै बाढी, पहिरो, डँढेलो आदिमा परेका गाउँलाई पुनर्निवास गरी सुरक्षित ठाउँमा लैजाने कार्य तथा सम्पूर्ण ग्रामीण क्षेत्रमा जलवायु स्मार्ट आवास विकासका कार्यक्रमहरू लिन सकिन्छ । यस्ता कार्यक्रमहरूले लाखौं युवाहरूलाई स्वदेशमा तुरुन्त रोजगारी दिन्छन् भने उक्त कार्यक्रममा भएको लगानीले नेपाल भिजन सन् २०४० लाई सार्थक वनाउन ठूलो टेवा पुऱ्याउँछ । यस्ता कार्यहरूले पर्यटनको पनि विकास हुनमा ठूलो मद्दत पुऱ्याउदछ । राष्ट्रिय एवं स्थानीय वार्षिक बजेटलाई हेरेर स्थानीय वा राष्ट्रियस्तरका विकासका पूर्वाधारहरूको निर्माणमा तीव्रता दिएर पनि ठूलो मात्रामा रोजगारीको सिर्जना गर्न सकिन्छ । मुख्य कुरा के भने नेपाल सरकारले युवालाई विदेश पठाएर उनीहरूले विदेशबाट पठाएको रेमिटचान्समा रमाउने प्रवृत्ति नभएर आफ्नो देशमा रोजगारीको सिर्जना गरी युवाहरूलाई स्वदेशमै राखी नेपाल भिजन सन् २०४० लाई सार्थक सिद्ध गर्ने नीति लिनु पर्दछ ।

### ग) ऊर्जामा आत्मनिर्भरता

एकातिर नेपाल विश्वमा एक जलविद्युत् उत्पादनको मुख्य सम्भावना भएको राष्ट्र भनिन्छ, भने अर्कोतिर बर्सेनि तीन खर्बभन्दा बढी ऊर्जा आयातमा खर्च गरिन्छ । यो अवस्थालाई परिवर्तन गर्नु अति आवश्यक छ । नवीकरणीय ऊर्जाजस्तै जल विद्युत्, सौर्य शक्ति र वायु शक्तिको विकास गरेर घरघरमा, यातायातमा र उद्योगहरू बिजुलीको प्रयोग गरेर पेट्रोल, डिजेल तथा कोइलाजस्ता प्रदूषण गर्ने ऊर्जा स्रोतहरू विस्थापित गर्नुपर्दछ । गाउँघरमा खाना पकाउन दाउरा, गोवर, गुइँठा तथा परालजस्ता पदार्थहरूलाई बिजुलीको प्रयोगले विस्थापन गर्नु पर्दछ । प्रत्येक नेपालीका घरहरू बिजुली मैत्री हुनु पर्दछ । यसका लागि राष्ट्रले आवास विकासको कार्यक्रम तुरुन्त लागू गर्नु पर्दछ । यस्ता आवास विकास कार्यक्रमले रोजगारीको पनि सिर्जना गर्नेछ । नविकरण उर्जामा हुने आत्मनिर्भरता राष्ट्रको आर्थिक विकासमा मात्र नभएर वातावरणको संरक्षण जनस्वस्थ्यको विकास, कृषिको विकास, वनको संरक्षण तथा राष्ट्रिय सुरक्षा एवं सार्वभौमसत्ताको पनि सुदृढतामा टेवा पुऱ्याउँछ । ऊर्जामा आत्मनिर्भरताले ऊर्जामा खर्च हुने रकम अन्य विकास कार्यमा लगाई नेपाल भिजन सन् २०४० लाई सार्थक हुनमा टेवा पुऱ्याउनेछ । त्यस्तै ऊर्जामा आत्मनिर्भर हुँदा नेपाली उद्योगहरूलाई चाहिने ऊर्जाको आपूर्तिमा कहिल्यै पनि कमी नहुने हुनाले देशको आर्थिक रूपान्तरण तीव्र गतिमा हुन सक्दछ ।

### घ) पर्यटनको विकास

"एक नेपाली बराबर एक पर्यटक" को नारामा पर्यटन भित्र्याउनु पर्दछ । यसो गर्दा एक वर्षमा झन्डै तीन करोड पर्यटक भित्रिन्छन् । नेपाल पर्यटनको लागि एकदमै सुन्दर देश हो । पर्यटक मैत्री पूर्वाधारहरूको विकासमा जोड दिनु पर्दछ । दुवै छिमेकी राष्ट्रहरू चीन र भारत, द्रुतगत गतिमा गरिरहेका र विश्वका दुई ठूला जनसंख्या पनि भएकाले नेपाल पर्यटनको विकासका लागि स्वर्ग नै भने पनि हुन्छ । यस तथ्यलाई मध्यनजर गरेर नेपाल भिजन सन् २०४० ले बर्सेनि तीन करोड पर्यटन नेपालमा भित्र्याउने लक्ष्य राखेको छ । नेपालमा धार्मिक पर्यटनको पनि अति ठूलो सम्भावना छ । नेपालका मठ, मन्दिरहरू, लुम्बिनी, पशुपतिनाथ, मुक्तिनाथ, जनकपुरधाम आदि विश्वभरका हिन्दु तथा बौद्ध धर्मावलम्बीहरूको गन्तव्य स्थानमा पर्दछन् । धार्मिक पर्यटनको सुनियोजित विकास हुनु जरुरत छ । बर्सेनि तीन करोड पर्यटन भित्रिँदा नेपालमा होटेलहरूको ठूलो विकास हुन्छ । त्यसैले रोजगारी पनि सिर्जना गर्दछ र अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउने छ । पर्यटनलाई एउटा ठूलो सुनौला अवसरको रूपमा लिएर दिगो पर्यटन विकासमा जोड दिँदा पर्यटनले देशको आर्थिक तथा सामाजिक रूपान्तरणमा ठूलो भूमिका खेल्न सक्दछ ।

### ङ) भ्रष्टाचारको नियन्त्रण

भ्रष्टाचार नेपालको ठूलो रोग हो । भ्रष्टाचारले गर्दा नै अहिलेको स्थितिमा हाम्रो राष्ट्र पुगेको हो । भ्रष्टाचारले गर्दा तोकिएको समयमा योजना सकिए पनि गुणस्तर कम हुने, राम्रा योजनाले स्थान नपाउने, जनताका सेवासुविधामा कमजोरी आउने, शान्ति सुरक्षा पनि कमजोर हुने, दण्डहीनता मौलाउने, सुशासनमा कम हुने आदि विकृतिहरू समाजमा विद्यमान भएका छन् । नीतिगत भ्रष्टाचारदेखि नातावाद कृपावाद अनैतिक क्रियाकलापहरू तथा आर्थिक हिनामिनाका

चलखेलहरू सम्पूर्ण भ्रष्टाचारका दायरामा पर्दछन् । समाजमा हुने कुनै पनि प्रकारका भ्रष्टाचारलाई पूर्ण रूपले रोक लगाए भ्रष्टाचार गर्नेलाई कडाभन्दा कडा सजाय दिएर भ्रष्टाचारलाई उन्मूलन गर्नु हाम्रो आजको दायित्व एवं कर्तव्य हो । भ्रष्टाचारलाई पूर्ण रूपले निवारण गर्दै देशमा सुशासन कायम गरेर विकासका योजनाहरू शतप्रतिशत गुणस्तर एवं समयमा नै सम्पन्न हुने वातावरण सिर्जना गर्ने नेपाल भिजन सन् २०४० को दृढ उद्देश्य हो ।

## च) नेपाल भिजन सन् २०४० एक साझा नेपाली मिसन

नेपाल भिजन सन् २०४० नेपाली समाजलाई एक समुन्नत अवस्थामा पुऱ्याउने एक मार्गदर्शक भएको हुँदा सम्पूर्ण नेपालीले एवं नेपालका संघसंस्था सरकार एवं विभिन्न समुदायहरूले नेपाल भिजन सन् २०४० एक साझा मिसनको रूपमा आत्मसात गर्नु पर्दछ । 'अष्ट–ज'को अवधारणालाई स्थानीय तह क्षेत्रीय तह तथा कार्यान्वयन गर्ने समग्र योजना र विकासको दृष्टिकोणको रूपमा अपनाउनु पर्दछ । 'अष्ट–ज' अवधारणाले प्राकृतिक तथा माववीय स्रोत तथा साधनहरूको उच्चतम चिन्तन, मनन्, अध्ययन संरक्षण र विकास गर्ने अभिप्राय बोकेको हुनाले 'अष्ट–ज' अवधारण कुनै राजनीति, धर्म, सम्प्रदाय, दर्शनभन्दा माथि छ । यो प्रकृति हो । प्राकृतिक नियमहरू अकाटच छन् सर्वव्यापी छन् । 'अष्ट–ज' अवधारणाले नेपालको मौलिकतालाई समाएको छ । यसको उपयोगको अन्य देशहरूमा पनि त्यत्तिकै ठूलो महत्व छ । यस अर्थमा नेपाली समाज 'अष्ट–ज' को संरक्षण, विकास र उपयोगलाई नेपाली भिजन सन् २०४० को मार्गदर्शनवाट सन् २०४० सम्ममा विश्वकै धनी मुलुकको स्तरमा पुग्दा नेपाल विश्वमै एक दिगो विकासको उच्चतम वातावरण संरक्षण, समावेशी स्वस्थ्य एवं सचेत समाजको राष्ट्रको रूपमा परिचित हुन पुग्दछ । यसले नेपालीलाई ठूलो गौरवता मिल्नेछ । विश्वमा नेपाल र नेपालीको ठूलो इज्जत एवं आदर हुनेछ ।

'अष्ट–ज' को पूर्ण संरक्षण र विकास, विदेशी लगानीको भित्र्याई, सुशासन तथा विदेश व्यापार नेपाल भिजन सन् २०४० का मुख्य पाटाहरू हुन् । 'अष्ट–ज' अवधारणाको सफलतापूर्वक कार्यान्वयन गर्न स्थानीय तहदेखि क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय बजार अर्थव्यवस्था, वातावरण एवं अन्य आर्थिक एवं राजनैतिक परिवेशको राम्रो मूल्यांकन र ज्ञान हुनु जरुरी छ ।

# अध्याय ७

## "अष्ट–ज" लगफ्रेम भनेको के हो ?

'अष्ट–ज' लगफ्रेम एउटा आठवटा पंत्ती र आठओटा स्तम्भ भएको तालिका हो जसको स्तम्भमा 'अष्ट–ज' छन् भने पत्तीमा अष्ट–जका आठवटा सिद्धान्तहरू छन् । तालिका १ 'अष्ट–ज' लगफ्रेम हो । 'अष्ट–ज' लगफ्रेम भरेपछि समुदायमा विद्यमान प्राकृतिक स्रोत तथा साधन तथा जनशक्तिसम्बन्धी विभिन्न समस्याहरू र तिनीहरूको समाधान गर्नुपर्ने कार्यनीतिहरूको निर्माण सम्बन्धी ज्ञानको विकास हुन्छ । 'अष्ट–ज' स्रोत तथा साधनको उपयोगिताको सम्भाव्यताको थाहा हुन्छ । समुदायमा 'अष्ट–ज' संरक्षण, प्रवर्द्धन र विकास एवं दिगो आर्थिक विकासको बोध हुँदै जान्छ । 'अष्ट–ज' लगफ्रेम सामुदायिक विकासको कार्ययोजनाहरू तर्जुमा गर्न एक उपयोगी साधन हो । यसको प्रयोगले स्थानीय जनता एवं अन्य सम्बन्धित संघसंस्था, व्यक्ति एवं सरकारी निकायहरूका लागि स्थानीय स्रोत तथा साधनहरूको वस्तुगत ज्ञान हुन्छ । 'अष्ट–ज' लगफ्रेम भर्न 'अष्ट–ज' को राम्रो ज्ञानका साथै स्थानीय समुदायको पूर्ण सहभागिताको जरुरत पर्दछ । 'अष्ट–ज' लगफ्रेमवाट निकालिएको निचोड 'अष्ट–ज'को संरक्षण र विकास गर्न कार्यनीति बनाउन प्रयोग गर्नुपर्दछ । 'अष्ट–ज' लगफ्रेम कम्प्युटरमा डाटाबेस बनाएर राख्दै जानु पर्दछ । 'अष्ट–ज' लगफ्रेमले समुदायको प्राकृतिक स्रोत तथा साधनका वास्तविकतालाई योजना उर्तार्छ ।

**तालिका १ 'अष्ट – ज' लगफ्रेम**

| | जनचेतना | सामुदायिक सशक्तीकरण | नीति तर्जुमा | अन्तरनिहित सम्बन्ध | दिगो विकासको कार्यविधि | संस्था, व्यापार र सुशासन | दिगो सामुदायिक विकास |
|---|---|---|---|---|---|---|---|
| जल | | | | | | | |
| जमिन | | | | | | | |
| जंगल | | | | | | | |
| जडीबुटी | | | | | | | |
| जनशक्ति | | | | | | | |
| जनाबर | | | | | | | |
| जराजुरी | | | | | | | |
| जलवायु | | | | | | | |

# अध्याय ८

## "अष्ट–ज" लगफ्रेमको प्रयोग कसरी गर्ने ?

'अष्ट–ज' लगफ्रेम 'अष्ट–ज' स्रोत तथा साधनहरूको सामुदायिक विचार एवं समस्यहरूको लिपिबद्ध किसिमले उल्लेख गर्ने साधन भएको हुनाले 'अष्ट–ज' लगफ्रेम भर्दा 'अष्ट–ज' को राम्रो ज्ञान राख्ने व्यक्तिको नेतृत्वमा स्थानीय समुदायलाई समूहगत बहस चलाउनु पर्दछ । बहस चलाउँदा सोधिने प्रश्नहरूको लिस्ट पहिला नै तयार भएको हुनु पर्दछ । अनि नयाँ नयाँ प्रश्नहरू छलफलको क्रममा नै विकास भएर जान्छन् । छलफल सुरु गर्नका लागि प्रश्नहरू विभिन्न विधासँग जोडिएका हुन सक्दछन् । जस्तै कृषि सम्बन्धी पानी म्बन्धी, जलवायुसम्बन्धी, जडीबुटी सम्बन्धी, घरपालुवा जनावर वा वन्यजन्तु सम्बन्धी, वनजंगल सम्बन्धी, नीति निर्माणसम्बन्धी, जनशक्तिसम्बन्धी आदि । स्थानीय समुदायलाई यो प्रष्ट हुनु पर्दछ कि यसरी छलफलवाट निस्किएका कुराहरू 'अष्ट–ज' लगफ्रेममा समावेश गरिन्छ र त्यसपछि लगफ्रेमको अवधारण नीति निर्माण तथा कार्यक्रमहरूको तर्जुमा गरिन्छ । विभिन्न प्रश्नहरूको बारेमा छलफल हुँदा विभिन्न विषयमा प्रवेश गरिने र उत्तर पनि एकैचोटी नआउने हुँदा छलफलबाट निस्किँदै गरेका निचोडहरू अथवा बुँदाहरू एउटा फ्लिप चार्टमा लेख्दै जाने गर्नु पर्दछ । छलफललाई 'अष्ट–ज'का आठवटा रणनीतिहरू र तिनका आठओटा तत्व (अष्ट–ज) हरूसँग सम्बन्धित बनाउँदै जानु पर्दछ । छलफलमा नेतृत्व गर्नुहुने 'अष्ट–ज' विशेषज्ञले 'अष्ट–ज' को रणनीति प्रस्टसँग बुझिने प्रश्नहरू स्थानीय भाषा एवं परिवेशअनुसार सिर्जना गर्दै छलफलमा ल्याउन सक्नुपर्दछ । विचार एवं उत्तरहरूलाई 'अष्ट–ज' लगफ्रेममा मिल्ने किसिमले एकीकृत गर्दै गहकिला बनाउँदै लगरे 'अष्ट–ज' लगफ्रेमको बक्सहरूमा भर्दै जानु पर्दछ । यो प्रक्रियामा विकास भएका सम्पूर्ण सूचना तथा विचारहरु छुट्टै मिटिङ नोटको रूपमा पनि विकास गर्नु पर्दछ । ' अष्ट–ज' लगफ्रेमका चौसठ्ठी वटै बक्सहरू भरिनु पर्दछ । स्थानीय समुदायको पूर्ण सहभागिता हुनु जरुरी छ । छलफलवाट निम्न प्रश्नहरूको उत्तर निस्कन जरुरी छ ।

क) 'अष्ट–ज' स्रोत तथा साधनको बारेमा समुदायले के कस्ता जानकारी राखेको छ के जानकारीको कमी छ । तथा 'अष्ट–ज' स्रोत तथा साधनरुको के अवस्था छ ?

ख) 'अष्ट–ज' को संरक्षण विकास र सदुपयोग गर्न कस्तो सामुदायिक सशक्तीकरण जरुरत छ ? के कस्ता सीप विद्यमान छन् ?

ग) 'अष्ट–ज' स्रोत तथा साधनहरूको आकलन एवं लेखाजोखा कति गर्न सकिएको छ ?

घ) 'अष्ट–ज' का विकासको लागि के कस्ता नियम कानुनहरूको जरुरत छ?

ङ) 'अष्ट–ज' का आन्तरिक र आपसी सम्बन्धहरू के कस्ता छन् ?

च) स्थानीय तवरमा 'अष्ट–ज' को दिगो विकासका हिसाबले के कस्ता प्रविधिहरू लागू भइरहेका छन् । कस्ता प्रविधिहरूको खाँचो छ ?

छ) 'अष्ट–ज'सँग सम्बन्धित के, कस्ता संघसस्था छन् । क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारको कस्तो सम्भावना छ ? सुशासनको अवस्था कस्तो छ ?

ज) उक्त समुदायको दिगो आर्थिक विकास गर्न 'अष्ट–ज' को परिचालन कसरी गरिनु पर्दछ ।

यी आठवटा प्रश्नहरू 'अष्ट–ज' का रणनीतिसँग जोडिएका छन् । प्रत्येक प्रश्नले 'अष्ट–ज' का आठवटा तत्वहरूको बारेमा सूचना संकलन गर्दछन् । जति सक्यो गहिरोसँग बुझ्ने कोसिस गर्नु पर्दछ । सूचना संकलन गर्दा यी आठओटा प्रश्न सीधै सोधेर 'अष्ट–ज' लगफ्रेम मा सूचना संकलन गर्नु हुँदैन । यसो गर्दा यो एउटा सर्भेजस्तो हुन्छ । 'अष्ट–ज' लगफ्रेम सर्भे होइन । यो त समुदायले 'अष्ट–ज' सम्बन्धी जानेका, बुझेका तथा प्रयोग गरेका कुराहरूको सामुदायिक छलफल गरेर नीति निर्माण तथा कार्ययोजना तर्जुमाका लागि संकलन गरिएको एक किसिमको कार्य पत्र हो । त्यसैले धेरैभन्दा धेरै छलफल गराएर 'अष्ट–ज' सम्बन्धीको जानकारी 'अष्ट–ज' लगफ्रेममा समावेश गर्नु पर्दछ । 'अष्ट–ज' को विकासका लागि अवरोध तथा अवसरहरू लगानीका सम्भावनाहरूजस्ता बुँदाहरूको पनि उल्लेख गर्न सके झनै राम्रो । 'अष्ट–ज' लगफ्रेम छलफल स्थानीयवासीबाट आफ्नो प्राकृतिक स्रोत तथा साधनहरूको मूल्यांकन एवं परिचालन गरी समुदायको आर्थिक तथा सामाजिक रूपान्तरण गर्ने प्रक्रियाको पहिलो एवं महत्वपूर्ण कार्य हो । यस बैठकमा समुदायका सदस्यहरू जस्तै शिक्षकहरू, स्वस्थ्यकर्मीहरू, बैंकका पदाधिकारीहरू तथा अन्य संघसंस्थामा आबद्ध भएका व्यक्तिहरूको पनि सहभागिताको जरुरत पर्दछ ।

यसरी स्थानीय समुदायहरूवाट छलफल गरेर विकसित भएका विभिन्न 'अष्ट–ज' लगफ्रेमको समष्टिगत रूपमा मूल्यांकन विश्लेषण र संश्लेषण गरेर उक्त स्थानीय क्षेत्रको 'अष्ट–ज' विकासको नीति तथा कार्ययोजनाहरू वनाउनु पर्दछ । 'अष्ट–ज' लगफ्रेमले उजागर गरेका प्रश्नहरूको भविष्यमा अरू थप अनुसन्धान गर्नुपर्ने हुन्छ । 'अष्ट–ज' लगफ्रेम कम्प्युटरमा डाटाबेसको रूपमा राख्दै जानु पर्दछ । केही वर्षमा नै कुनै पनि समुदायका एकदमै महत्वपूर्ण प्राकृतिक स्रोत तथा साधनहरू संरक्षण एवं परिचालन गर्न कार्ययोजनाहरू तर्जुमा गर्न यो डाटाबेसले ठूलो मद्दत पुऱ्याउँछ । 'अष्ट–ज' लगफ्रेम स्थानीय ज्ञानको संरक्षण गर्ने एक साधन पनि हो । 'अष्ट–ज' लगफ्रेम बर्सेनि भर्नुपर्दछ । यसलाई वार्षिक कार्ययोजना बनाउने एक महत्वपूर्ण प्रणालीको रूपमा लिइनु पर्दछ । 'अष्ट–ज'सम्बन्धी समस्याहरू अथवा अवस्थाहरू एकदमै गतिशील छन् । एकै सालभित्रमा नै अनेकन समस्याहरू निस्किसकेका हुन सक्दछन् । 'अष्ट–ज' लगफ्रेमलाई बर्सेनि प्रयोग गरिने स्थानीय समुदायको 'अष्ट–ज' स्रोत तथा साधनको संरक्षण, परिचालन एवं विकासका मुख्य साधनको रूपमा विकसित गर्नु पर्दछ ।

# अध्याय ९

## "अष्ट–ज" को विकास एवं नेपाल भिजन सन् २०४० मा सरकारको के दायित्व रहन्छ ?

'अष्ट–ज' को विकास एवं नेपाल भिजन सन् २०४० को सफलता नेपाल सरकारको एक ठूलो दायित्वभित्र पर्नु पर्दछ । 'अष्ट–ज' को विकास एवं नेपाल भिजन सन् २०४० को दिशानिर्देश कुनै एक व्यक्ति, समुदाय, वर्ग वा क्षेत्रको मात्र नभएर सम्पूर्ण नेपाल एवं नेपाली समाजको आर्थिक रूपान्तरणको लागि हो । 'अष्ट–ज' एवं नेपाल भिजन सन् २०४० भनेको राष्ट्रियताको संरक्षणको कुरो हो । प्रत्यक नेपालीलाई गौरवान्वित वनाउने दिशानिर्देश हो । सम्पूर्ण नेपालीको जनजीविकाको कुरा हो । अन्तर्राष्ट्रिय क्षेत्रमा प्रस्तुत हुने सुदृढ नेपालको कुरो हो । दक्ष जनशक्तिको विकास गरी नेपालमा नै रोजगारी दिने मूलमन्त्र हो । त्यसैले नेपाल सरकारले ' अष्ट–ज' को संरक्षण र विकास एवं नेपाल भिजन सन् २०४० लाई आफ्नो दिशार्निदेशको रूपमा लिएर आफ्ना कार्यनीतिहरू तर्जुमा गर्नु पर्दछ । सम्पूर्ण नेपाली समाजलाई यस महाअभियानमा जोड्दै जनचेतना फैलाउनु पर्दछ । सरकारले गर्नुपर्ने धेरै कार्यहरू छन् । बुँदागत रूपमा मुख्य प्राथमिकताका कुराहरू म तल राख्दछु :

क) कृषि, पशुपंक्षी पालन तथा मत्स्य उत्पादन, वन पैदावर तथा जडीबुटी उत्पादन र औद्यो गिकरणमा सरकारले मुख्य प्राथमिकता राख्ने । कृषिको विकासले बर्सेनि आयत गर्नुपर्ने कृषिजन्य पदार्थ स्वदेशमा नै उत्पादन गरी राष्ट्रको ठूलो धनराशि बिदेशिनवाट रोकिन्छ । कृषिको औद्योगीकरणले ठूलो संख्यामा नेपालमा रोजगारीको सिर्जना हुन्छ । त्यस्तै पशुपन्छी पालन तथा मस्यपालन, वन पैदावारको सदुपयोग एवं जडीबुटीको औद्योगीकरणले नेपालमा रोजगारीको सिर्जना गर्नु बाहेक विदेशीबाट आयत गर्नुपर्ने वस्तुहरूमा कटौती गरी स्वदेशमा नयाँ उद्योगहरूको विकास हुनमा जोड पुग्छ । जडीबुटीको औद्योगीकरणले नेपाललाई अर्थ आयआर्जन मात्र होइन मानव जगत्मा नै रोगको रोकथाम तथा उपचारमा नयाँ क्रान्ति ल्याउन सक्दछ । जडीबुटीको अध्ययन, उत्पादन, प्रशोधन तथा व्यापारमा नेपाल विश्वमा मुख्य देश हुन सक्दछ । नेपाल सरकारले अन्तर्राष्ट्रिय व्यापार, सन्धी तथा सम्झौताहरू निकै बुझेर नेपालको कृषि, वन पैदावर तथा जडीबुटीको औद्योगीकरण एवं अन्तर्राष्ट्रिय बजारमा प्रवेश गर्ने तवरले सम्झौता र नवीकरण गर्नु पर्दछ ।

ख) रोजगारी सिर्जना गर्ने कार्यहरू तुरुन्त सुरु गर्ने । राष्ट्रिय रोजगारी कार्यक्रममा दुइवटा कार्यहरू चुरे तथा तराई भूभागमा चुरेवाट निस्कने खोला एवं अन्य नदीहरूले जमिनको कटान गरेर पल्टाएको अथाह वगरलाई व्यवस्थापन गरेर हराभरा तथा पुनः कृषियोग्य भूमिमा परिणत गर्ने र नेपालभरि जलवायु स्मार्ट गाउँहरूको निर्माण गर्ने । जलबायु स्मार्ट गाउँहरूको निर्माण, नेपाल सरकारको मात्र नभएर विश्वका धनी राष्ट्रहरूको पनि दायित्व हो । धनी राष्ट्रहरूमा भएको औद्योगीकरण र कार्बनको उत्सर्जनको कारणले हाम्रा गाउँहरूले ठूलो जलवायुको परिर्वतनको असरहरू भोग्नु परेको छ । यो जलवायु परिवर्तनको असरलाई राष्ट्रसंघमा दह्रोसँग कुरो उठाएर नेपालमा जलवायु स्मार्ट गाउँहरू वनाउनको लागि सहयोग जुटाउन नेपाल सरकारको कर्तव्य एवं दायित्व भएको छ ।

ग) पर्यटनको विकास तथा वातावरणको संरक्षणमा जोड दिनु अति जरुरत छ 'अष्ट–ज'को विकास तथा नेपाल भिजन सन् २०४० को सार्थकताका लागि । नेपालमा "एक नागरिक एक पर्यटक" को हिसाबले बर्सेनि तीन करोड पर्यटक भित्र्याउन सकिन्छ । पर्यटकहरू सस्तो मात्रामा भित्र्याउनुभन्दा उच्चतम मूल्य तिरेर आउने पर्यटकहरूलाई लक्षित कार्ययोजनाको जरुरत छ । धार्मिक पर्यटनमा निकै सहुलियत एवं उद्धारता पनि हुन जरुरत छ । धार्मिक पर्यटकहरू आस्थाले तानिएका हुन्छन् भने अन्य पर्यटकहरू अवलोकन तथा रमाइलो गर्ने ध्येयले आएका हुन्छन् । पर्यटनको विकासको लागि वातावरणको संरक्षण अति जरुरी छ । तुवाँलोले हिमाल पहाड, उत्पत्यका तथा जंगलहरू देख्न नसकिने भएपछि कोही पनि हजारौं डलर खर्च गरेर नेपाल घुम्न आउने कुरै हुँदैन । त्यस्तै, जताततै फोहोरको थुप्रो तथा दुर्गन्धित नदीहरू हेर्नको लागि पर्यटक दुःखले कमाएको पैसा खर्च गर्न नेपाल आउँदैनन् । त्यसैले पर्यटनको विकासका लागि व्यापक वातावरणीय संरक्षणका कार्ययोजनाहरूको जरुरत पर्दछ । पानीका मुहानहरू सुक्दै जाँदा स्थानीय समुदायलाई पिउने पानीको कमी हुदै जान्छ भने पर्यटन विकासका लागि जरुरत पर्ने पूर्वाधारहरू जस्तै होटेलहरूका लागि पानी आपूर्ति गर्न ठूलो चुनौती रहन्छ । पानीको राम्रो व्यवस्थापन नगरिकन कुनै पर्यटनको विकास गर्न सकिँदैन ।

घ) पूर्वाधारहरू जस्तै सडक बिजुली सिँचाइ सञ्चार तथा शिक्षा एवं स्वस्थ्यसेवाहरूमा सरकारले विशेष ध्यान दिनु पर्दछ । स्वस्थ्य एवं शिक्षा सवै नागरिकका पहुँचमा हुनु पर्दछ । विकासका पूर्वाधारहरू आर्थिक एव राष्ट्रिय महत्वका हुनु पर्दछ ।

ङ) सुशासन, शान्ति सुरक्षा एवं भ्रष्टाचार नियन्त्रण कुनै पनि विकासका उद्देश्यहरू हासिल गर्न नभई नहुने अवस्थाहरू हुन् । नेपाल सरकारले भ्रष्टाचार नियन्त्रणका लागि कुनै कुरा बाँकी राख्नु हुँदैन । सरकारले आफू भ्रष्टाचाररहित सुशासनको लागि कटिबद्ध छ भन्ने आभास जनतालाई दिन सक्नु पर्दछ । यसले विकासका कार्यक्रमहरूलाई गति दिन्छ र 'अष्ट–ज' को विकास एवं नेपाल भिजन सन् २०४० को सार्थकतामा टेवा पुऱ्याउने छ ।

च) राजनैतिक स्थिरता नेपाल विकासको लागि अति आवश्यक छ । नेपाल राजनैतिक अस्थिरतामा गुज्रिरहेको छ । यो धेरै नराम्रो कुरा हो । राजनैतिक अस्थिरताले कुनै पनि विकास योजनाहरू तथा कार्ययोजनाहरूले राम्रो हेरचाह पाउँदैनन् र धेरै कार्य योजना समय नसकी अथवा सुरु नभइकन नै बिलाएर जाने हुन्छन् । त्यसकारण नेपालका राजनीतिक पार्टीहरूले अथवा नेताहरूले आफ्नो दलगत अथवा व्यक्तिगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितलाई मध्यनजर गरेर राजनैतिक स्थिरतामा समर्पित हुनु अति आवश्यक छ ।

'अष्ट–ज' को संरक्षण, प्रवर्द्धन विकास र सदुपयोग नै सम्पूर्ण नेपाली एवं नेपाल सरकारको कर्तव्य र दायित्व हो । नेपाल सरकारले 'अष्ट–ज' लाई नै केन्द्रमा राखेर वार्षिक कार्यक्रम तथा योजनाहरू वनाउनु पर्दछ । नेपाल भिजन सन् २०४० हामी सवैको गन्तव्य स्थानमा पुऱ्याउने मार्ग भएकाले सम्पूर्ण नेपाली जनता तथा नेपाल सरकार एकताबद्ध भएर नेपाल भिजन सन् २०४० लाई नेपालको सामाजिक तथा आर्थिक रुपान्तरणको एक लक्ष्य बिन्दुको रूपमा हिँड्नु आजको आवश्यकता हो । 'अष्ट–ज' को विकास एवं नेपाल भिजन सन् २०४० मा नेपाल र नेपालीको सुनौलो भविष्यको सुनिश्चितता रहेको छ ।

# अध्याय १०

## सारांश

विश्वका कुनै पनि देशले आर्थिक विकास तथा सामाजिक रूपान्तरण गर्न केही न केही अति उल्लेखनीय कार्यहरू गरेको पाइन्छ । कसैले बन्दरगाहको विकास गरेर आर्थिक विकास गरे भने कसैले जमिन मुनिबाट पेट्रोल झिकेर, कसैले औद्योगीकरण एवं विश्वव्यापार वढाएर र कसैले आफ्नो देशका कृषि तथा खनिज पदार्थहरूको विश्व व्यापार वढाएर । सफलताको लागि कुनै न कुनै रूपले उक्त राष्ट्रले समाएको विकासको अवधारणा उक्त राष्ट्रका स्रोत तथा साधनहरूसँग एकदमै मेल खाएको हुन्छ। त्यस्तै उक्त राष्ट्रको राजनैतिक स्थिरता सुशासन, भ्रष्टाचार नियन्त्रण, खुल्ला अर्थ व्यवस्था, शिक्षा, रोजगारी तथा औद्योगीकरण कार्यहरू सुनिश्चितताका साथ बढिरहेको देखिन्छ ।

नेपाल प्राकृतिक स्रोत तथा साधनले भरिपूर्ण भएको देश हो । यहाँ अति राम्रो जनशक्ति पनि छ । विकासको गति अघि नबढ्नुका कारणले बर्सेनि नेपाली युवाहरू जागिर खान बिदेशिनु परेको छ । कृषि प्रधान देश भए पनि बर्सेनि साढे तीन खर्ब रुपैयाँभन्दा बढीको कृषिजन्य पदार्थहरूको आयात गर्नु परेको छ। देशको ऋण दिनदिनै बढेर गइरहेको छ। जनतामा निराशताको भाव फैलिरहेको छ । अथाहा प्राकृतिक स्रोत तथा साधनहरू एवं राम्रो जनशक्तिको बाबजुद हाम्रो राष्ट्र एवं समाजको यो परिस्थिति हुनु हाम्रो देशको स्रोत तथा साधनमा आधारित देश विकास नहुनु र राष्ट्रिय विकासको कुनै दिशानिर्देश नहुनु नै हो। यसमा राजनैतिक अस्थिरता, सुशासनको कमी तथा भ्रष्टाचारजस्ता कारणहरू पनि अवश्य मुख्य भएर आउँछन् ।

देशमा विद्यमान प्राकृतिक स्रोत तथा साधनहरू, हाम्रो राष्ट्रको भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था एवं नेपाललाई भएको तुलनात्मक लाभ मध्येनजर गरेर मैले नेपालको सामाजिक तथा आर्थिक रूपान्तर द्रुतगर, शान्तिपूर्ण दिगो एवं वातावरण मैत्री रूपले गर्नको लागि 'अष्ट–ज' अवधारणाको जन्म दिएको छु ।

'अष्ट–ज' भन्नाले आठवटा 'ज' अर्थात आठ 'ज'बाट सुरु हुने नेपालमा भएका स्रोत तथा साधनहरू पर्दछन् । तिनीहरू जल, जमिन, जंगल, जडीबुटी, जनशक्ति, जनावर, जराजुरी (बालीनाली) र जलवायु हुन् । यिनै 'अष्ट–ज' को संरक्षण, प्रवर्द्धन, विकास र उपयोग गरेर मात्र हाम्रो देशको सामाजिक तथा आर्थिक रूपान्तरण सम्भव छ । 'अष्ट–ज' को उचित परिचालन गरी देशमा खाद्य सुरक्षा, पर्यटनको विकास, इन्धनको सुरक्षा तथा वातावरण, जल र जलवायुको सुरक्षा सुनिश्चित गर्दै दिगो विकास गर्नु पर्दछ ।

'अष्ट–ज' अवधारणाको आधारमा र नेपालमा विद्यमान सामाजिक तथा आर्थिक अवस्थालाई ध्यानमा राखेर नेपालको सामाजिक तथा आर्थिक विकासका लागि मैले नेपाल भिजन सन् २०४० को दिशानिर्देश अगाडि त्याएको छु। नेपाल भिजन सन् २०४० भन्नाले सन् २०४० सम्ममा नेपालको आर्थिक विकास धनी राष्ट्रहरूको तहसम्म पु¥याउने हो । नेपाल भिजन सन् २०४० ले तलदेखि माथिको विकासको रणनीति लिएको छ। यसका नौ वटा रणनीतिहरू छन्। ती नौ वटा रणनीतिहरू हुन्– खाद्य सुरक्षा, इन्धन सुरक्षा, बर्सेनि तिन करोड पर्यटक; जैविक पदार्थ,

जडीवुटी तथा औद्योगिक एवं खनिज पदार्थहरूको निर्यात; पूर्वाधारको विकास, भ्रष्टाचार नियन्त्रण, सामाजिक सुरक्षा, सामुदायिक सशक्तता तथा 'अष्ट–ज' को संरक्षण, विकास एवं सदुपयोग रहेका छन् । यिनै रणनीतिहरूलाई स्थानीय, क्षेत्रीय, तथा राष्ट्रिय योजनामा समावेश गरी उपयुक्त नीति नियम तथा कानुनहरू तर्जुमा गरी गाउँगाउँवाट नेपाल भिजन सन् २०४० को महायज्ञमा हामी सम्पूर्ण नेपालीहरू एक भएर जुट्नु आजको राष्ट्रिय आवश्यकता हो । यस महाअभियानले देशमा समुन्नतिका साथसाथै नेपाली जनतामा गौरवता र नेपालीहरूमा राष्ट्रिय एकताको जगेर्ना र विकास गर्नेछ । नेपाल विश्वमा एक उदाहरणीय, वातावरणीय एवं विकसित मुलुकको रूपमा चिनिने छ । त्यसैले म सम्पूर्ण नेपाली समुदाय जस्तै कृषक, मजदुर, व्यापारी, शिक्षक, विद्यार्थी, योजनाविद्, अनुसन्धानकर्ता, विकासविद्हरू, राजनीतिज्ञहरू, सुरक्षाकर्मीहरु, सञ्चारकर्मीहरू, कानुनविद्हरू, कलाकारहरू तथा अन्य पेसामा लाग्नु भएका जनता तथा बुद्धिजीवीहरूलाई 'अष्ट–ज' अवधारणालाई राम्रोसँग अध्ययन गरी यसको मर्मलाई वुझी, मनन् गरी, आत्मसात् गरी अ-आफ्नो स्थानवाट 'अष्ट–ज' अवधारणा एवं नेपाल भिजन सन् २०४० को दिशानिर्देशलाई स्थानीय तथा राष्ट्रिय सरकारी योजनाहरूमा समावेश गरी यस विशाल राष्ट्रिय सामाजिक तथा आर्थिक रूपान्तरणको माहायज्ञलाई विशेष सहयोग पुऱ्याउन हुन हार्दिक अपिल गर्दछु ।

**जय "अष्ट–ज" ।**
**जय नेपाल ।**

# अनुसूचि - १

## नेपाली समाज र अष्ट अवधारणा

नेपाली सामाज मुख्य त वैदिक सनातन धार्मिक समाज हो । अष्ट अवधारणहरु खास गरेर हिन्दु धर्ममा र त्यसपछि बौद्ध तथा जैन धर्ममा पनि बलियो रुपमा समाजमा स्थापित भएको पाइन्छ । अष्ट भन्नाले नेपालीमा आठ हो । आठ वटा तत्वहरुलाई समावेश गरेर एउटा धार्मिक तथा आर्थिक, भौतिक, दार्शनिक ज्ञान प्राप्ती एवं सामाजिक संयन्त्रको निर्माण र व्याख्यान गरिएको पाइन्छ, यि अष्ट अवधारणाहरुमा हिन्दु धर्ममा व्यप्त अष्ट लक्ष्मी, अष्ट चिरञ्जिवी अष्ट मुर्ती, अष्ट सिद्धी, अष्ट विनायक अष्ट भैरव, अष्ट मात्रिका, अष्टङ्ग योग, अष्ट वक्र, अष्ट धातु, तथा अष्ट प्रकारी पुजा, तथा अष्ट दिक्पाल पर्दछन् । वुद्ध धर्ममा भगवान वुद्धका आठ उपदेश जसलाई अष्टाङ्गीका मार्गको रुपमा विश्व प्रख्यात छन्, जैन धर्ममा अष्ट मङ्गल सुप्रख्यात छन् ।

अष्ट लक्ष्मी अथवा सम्वृद्धिका आठवटा स्वरुपहरुमा धन लक्ष्मी (सम्पती प्रदान गर्ने), धान्य लक्ष्मी (अन्नको लक्ष्मी), गज लक्ष्मी (जनावरको लक्ष्मी), सन्तान लक्ष्मी (सन्तानकी लक्ष्मी), धैर्य एव वीर लक्ष्मी (दुखहरुको निवारण गर्ने, साहास एवं धैर्यता दिने लक्ष्मी), विजया लक्ष्मी (युद्धमा विजय प्राप्ती दिने लक्ष्मी), विद्या लक्ष्मी (ज्ञान तथा वुद्धीको लक्ष्मी) र आदि लक्ष्मी अथवा महालक्ष्मी (प्रथम तथा आदि कालीन लक्ष्मी) पर्दछन् । अष्ट चिरञ्जिवीमा अस्वस्थमा, कृपाचार्य, वेद व्यास, विभिषण, परशुराम, हनुमान, महावली र ऋषि मार्कण्ड्य पर्दछन् । अष्ट मुर्ती भन्नाले भगवान शिवका आठवटा रुप सर्व, भव, रुद्र, उग्र, भीम, पशुपती, ईसाना र महादेव बुझिन्छ । अष्ट सिद्धी अथवा आठवटा दैवीक ज्ञानमा अनिमा, महिमा, गरिमा, लगिमा, प्राप्ती, प्रकम्या, ईसित्मा र वसित्मा पर्दछन् । यि विभिन्न सिद्धीहरु शरिरलाई सुक्ष्म वनाउने, भयंकर ठुलो वनाउने एकदमै हल्का वनाएर उड्न सक्ने हुने, एकदमै गहकिलो वनाउने जे चायो त्यही उतिखेरै प्राप्त हुने जस्तो अवस्थामा पनि वाच्न सक्ने जस्तै पानी मुनी बसी राख्ने अथवा लामो समयसम्म बाँचीराख्ने बुझिन्छ ।

त्यस्तै अष्ट सिद्धि प्राप्त गर्नेले आफुले चाहे अनुसार वर्षा गराउने हुरी ल्याउने तथा रुखहरु उतिखेरै ठुलो बनाउने खुबी साथ साथै अरु मानीसहरुको अथवा जनावरहरुको माइन्ड कन्ट्रोल गर्न सक्ने खुबी वुझिन्छ । यस्ता सिद्धि प्राप्त गरेका व्यत्तित्वहरुले सामान्य मानीसले गर्न नसक्ने काम गरेर देखाउदछन् । अष्ट विनायकमा मयूरेश्वर, वलेश्वर, सिद्धिविनायक, भरदविनायक, चिन्तामणी, गिरिजात्मज, भिग्नाहर र महागणपति पर्दछन् । भारतको महाराष्टमा अष्ट विनायक मन्दिरहरु छन् अष्ट भैरव जुन भैरभदेवताका रुपहरु हुनलाई असितगा, रुरु, काण्ड, क्रोध, उन्मत्त, कपाला, भिषण तथा समाहारा भनेर चित्रण गरिएको छ । यि अष्ट भैरवको माथी कालभैरव भएको बुझिन्छ । अष्ट मात्रीका आमाहरुमा (जुन देवी शत्तिका रुपहरु मानिन्छ), व्रह्मीनी, महेश्वरी, कुमारी, भैस्णमी, वाराही, इन्दाणी, चमुण्डा तथा चण्डी पर्दछन् ।

पतञ्जली ऋषिले योगालाई आठवटा सुत्रमा व्याख्या गर्नु भएको छ । ति आठवटा सुत्रहरुमा यम, नियम, आसन, प्रनायम, प्रत्यहारा, धारण, ध्यान एवं समाधि पर्दछन् । अष्टवक्र

ऋषि जन्मदैमा आठवटा शारिरीक विकृतिहरु सहित जन्मीएता पनि वैदिक ज्ञानको उच्चतम शिक्षा हासिल गरी अष्टबक्र गिताको जन्म दिनु भएको थियो । अष्टधातुहरुमा आठवटा धातुहरु सुन, चाँदी, तामा, सिसा, जींक, टीन, फलाम र पारो पर्दछन् । अष्ट प्रकारी पुजा सामाग्रीमा जल, चन्दन, फूल, धूप, दिप, अक्षता, नैवेध र फल पर्दछन् । अष्ट दिक्पाल भन्नाले आठवटा दिशाहरुमा वसेर पृथ्वीमा शासन गर्ने बुझिन्छ । ति अष्ट दिक्पाल हरुमा इन्द्र पूर्व, वरुण पश्चिम, कुवेर उत्तर, यम दक्षिण, अग्नी दक्षिणपूर्व, निरुथी दक्षिण पश्चिम, ईसान उत्तर पूर्व र वायू उत्तर पश्चिम पर्दछन् । यो आठवटा दिशाहरुको धारणाले नै वैदिक दर्शनमा अष्ट धारणको विकास एवं प्रवलता हुन सक्दछ । वैदिक सनातन दर्शनमा आत्मको मुख्य महत्व पाईन्छ र आत्म अमर भएकोले यो खास गरेर चारै दिशा तिरबाट प्रमात्मामा विलिन हुन सक्दछ । मोक्ष पाँउदा त्यसकारण मानव जगत चारवटा मुख्य दिशाहरु र तिनिहरुको बीच बीच भएका उप-दिशाहरुले अति ठुलो महत्व राख्दछन् । यसरी आठवटा दिशाहरुको व्याख्या गर्दै जाँदा वैदिक सनातन हिन्दु दर्शनमा अष्ट अवधारणा प्रवल रुपमा विकशित हुदै गएको हुन सक्दछ । वैदिक सनातन धर्ममा सम्पूर्ण मानव सभ्यताको दर्शनहरु भू  तथा मनोविज्ञान साथै खगोल विज्ञानका आधारमा निर्देशित भएका छन् । भगवान गौतम वुद्धले दिनुभएको आठवटा मार्गदर्शन जसलाई अष्टाङ्गीका मार्ग भनिन्छ यसमा सम्यक दृष्टी, सम्यक, संकल्प, उचित कर्म, सम्यक जिविका, पूर्ण प्रयास, उचित स्मृति, सत्य वचन र सम्यक समाधि पर्दछन् । यि अष्टङ्गीका माग मानव जिवनका दु:ख निवारणका लागि दिइएका हुन । जैन धर्ममा प्रख्यात आठवटा शुभ चिन्हहरुमा दर्पण, भद्रासन, कलश, भार्दमानका, श्री भत्सा, जोडी माछा र स्वस्तीका पर्दछन् । नेपालीमा चलन चल्तीको भाषामा भन्ने हो भने कुर्सी, जोडी माछा, कमलको फुल, छाता, कलस, चमर, दर्पण र स्वस्तिका हुन ।

वैद्धिक सनातन हिन्दु दर्शनमा विकसित भएका अष्ट अवधारणाहरु जसको मुख्य आधार भू तथा अर्थ एवं खगोल र मनोविज्ञानमा निहित पाइन्छ, त्यस्तै अष्ट-जको अवधारणमा पनि भू तथा प्राकृतिक विज्ञान, अर्थ तथा समाज शास्त्र र आधुनिक प्रविधी एवं विश्व वातावरणसंग आधारित छ । पृथ्वीको चारवटा उप-प्रणालीहरु जल मण्डल, भू मण्डल, जिवजगत र वायू मण्डल हुन । अष्ट-जका आठवटा तत्वहरु जल, जमिन, जंगल, जडीवुटी, जनशक्ति, जनावर, जराजुरी र जलवायू ले पृथ्वीको चारवटै उपप्रणालीहरुलाई प्रतिनिधित्व गर्दछन् । जलले जल मण्डललाई प्रतिनिधित्व गर्दछ, जमीनले भू मण्डललाई, जलवायूले वायूमण्डललाई र जगंल, जडीवुटी, जनशक्ति, जनावर र जराजुरीले जिव मण्डललाई प्रतिनिधित्व गर्दछन् । त्यसकारण अष्ट-ज अवधारणलाई नेपाली समाजको दिगो विकासको चुरो तथा वैदिक सनातन पूर्विय दर्शनको आधुनिक विकासवादी अवधारणाको रुपमा ग्रहण गर्नु पर्दछ ।

अष्ट लक्ष्मीको अवधारणलाई गहिरोसँग नियाल्ने हो भने आर्थिक समुन्नतीका लागि कृषि, पशुपक्षी, सन्तती, मुद्रा, सुनचाँदी तथा आफुमा ज्ञान, सिप, धैर्यता, विरता एवं साहासको जरुरत पर्दछ । अष्ट लक्ष्मीको यही भावलाई नै आत्मसात गरेर अष्ट-ज अवधारणको जन्म भएको हो । अष्ट-ज श्रोत तथा साधनहरुको परिचालन तथा संरक्षण एवं सदुपयोग गरेर मात्र हाम्रो समाज एवं राष्ट्रको समुन्नतीमा लाग्नु पर्ने भएकाले हामी सम्पूर्ण नेपालीले अष्ट-ज अवधारणलाई राम्रोसँग वुझ्नु र वुझाँउनु पर्ने अति जरुरत छ । अष्ट-ज नै हाम्रो दिँगो रोजगारी, समृद्धि एवं पारिवारिक खुशियालीको आधार हुन ।